फोन नं:०८२-५२०२०० (का.प्र.), ५२३०७८
Email: hgao.tulsipur@ag.gov.np, Web: www.ag.gov.np

# उच्च सरकारी वकील कार्यालय

## तुलसीपुर

### (प्रशासन शाखा)

श्री उच्च सरकारी वकील कार्यालय तुलसीपुर २०७३

पत्र संख्या:२०८२/०८३
चलानी नं. ५६०९
मिति: २०८२।०८।२५

विषयः समुदायमा सरकारी वकील कार्यक्रम अन्तर्गत लैङ्गिक हिंसा सम्बन्धी कानूनी सचेतना अन्तरक्रिया कार्यक्रमको प्रतिवेदन पठाएको सम्बन्धमा ।

श्री महान्यायाधिवक्ताको कार्यालय,
योजना, अनुसन्धान तथा अनुगमन विभाग ।

उपर्युक्त सम्बन्धमा यस कार्यालयको आयोजनामा समुदायमा सरकारी वकील कार्यक्रम अन्तर्गत स्थानीय तहका न्यायिक समितिका पदाधिकारीहरु सहित सरोकारवालाहरुसँग लैङ्गिक हिंसा सम्बन्धी कानूनी सचेतना अन्तरक्रिया कार्यक्रम मिति २०८२।०८।१६ गते कार्यालयको सभाहलमा सम्पन्न भएकाले उक्त कार्यक्रमको प्रतिवेदन यसै पत्र साथ संलग्न गरी पठाइएको ब्यहोरा सादर अनुरोध छ।

२०८२।८।२५

(नगेन्द्र लम्साल)
निमित्त सहन्यायाधिवक्ता

# "समुदायमा सरकारी वकील कार्यक्रम"
# स्थानीय तहका न्यायिक समितिका पदाधिकारी सहित सरोकारवालाहरुसँग
# लैङ्गिक हिंसा सम्बन्धी कानूनी सचेतना अन्तरक्रिया कार्यक्रम

<u>प्रतिवेदन</u>

मितिः २०८२ साल मंसिर १६ गते

आयोजक

उच्च सरकारी वकील कार्यालय, तुलसीपुर

<u>प्रतिवेदक</u>

निमित्त सहन्यायाधिवक्ता श्री नगेन्द्र लम्साल

नायव सुब्बा श्री सुमनकुमार चौधरी

उच्च सरकारी वकील कार्यालय, तुलसीपुर ।

# विषयसूची


| | | पृ. |
|---|---|---|
| १. | कार्यक्रमको संक्षिप्त जानकारी | १ |
| २. | कार्यक्रमको उद्देश्य | १ |
| ३. | कार्यक्रममा प्रस्तुत भएका विषयहरू र प्रस्तुतकर्ता | १ |
| ४. | छलफलमा व्यक्त भएका विचारहरू र उठेका मुख्य मुख्य विषयहरू | २ |
| ५. | छलफलमा उठेका विषयहरूको सम्बोधन | ४ |
| ६. | कार्यक्रमबाट हासिल मुख्य उपलब्धिहरू | ८ |
| ७. | कार्यक्रम आयोजनामा आइपरेका समस्या/चुनौतीहरू | ९ |
| ८. | आगामी कार्यक्रमका लागि सुझाव | ९ |
| | अनुसूचीहरु | |
| | क) कार्यक्रम तालिका | १० |
| | ख) कार्यक्रमका सहभागीहरूको नामावली | ११ |
| | ग) कार्यक्रमको तस्विर | १४ |
| | घ) कार्यक्रममा प्रस्तुत भएका कार्यपत्रहरू | १६ |

# कार्यक्रमको संक्षिप्त प्रतिवेदन

## १. कार्यक्रमको संक्षिप्त जानकारी

१) कार्यक्रमको नामः समुदायमा सरकारी वकील कार्यक्रम
स्थानीय तहका न्यायिक समितिका पदाधिकारी सहित सरोकारवालाहरुसँग लैङ्गिक हिंसा सम्बन्धी कानूनी सचेतना अन्तरक्रिया कार्यक्रम

२) कार्यक्रम सञ्चालन स्थानः उच्च सरकारी वकील कार्यालय, तुलसीपुर।

३) आयोजकः उच्च सरकारी वकील कार्यालय, तुलसीपुर

४) मितिः २०८२।८।१६

५) कार्यक्रम अवधिः विहान ११:३० बजेदेखि दिउँसो ३:३० बजेसम्म

६) सहभागी संख्याः महिलाः२५ पुरूषः१३ जम्माः३८

७) कार्यक्रम संयोजन

क) संयोजकः निमित्त सहन्यायाधिवक्ता श्री नगेन्द्र लम्साल, उच्च सरकारी वकील कार्यालय, तुलसीपुर

ख) सह-संयोजकः सहायक न्यायाधिवक्ता श्री टिकाकुमारी रोका (के.सी.) र सहायक न्यायाधिवक्ता श्री मन्जु बुढाथोकी

ग) प्रतिवेदकः निमित्त सहन्यायाधिवक्ता श्री नगेन्द्र लम्साल र नायव सुब्बा श्री सुमनकुमार चौधरी

घ) सहयोगीः खरिदार श्री सनि कक्रेल र कार्यालय सहयोगी श्री रिता रिजाल

## २. कार्यक्रमको उद्देश्य

१) समुदायलाई सरकारी वकीलको काम कारबाही बारे जानकारी गराउने ।

२) सरकारवादी मुद्दाको काम कारबाहीमा समुदायको भूमिकाको बारेमा सचेतना जगाउने ।

३) लैङ्गिक हिंसा सम्बन्धी कानूनी सचेतना गराउने।

४) लैङ्गिक हिंसा, सरकारी वकीलको काम कारबाही र सरकारवादी मुद्दाको सम्बन्धमा समुदायले उठाएका जिज्ञाशाहरूको सम्बोधन गर्ने ।

## ३. कार्यक्रममा प्रस्तुत भएका विषयहरू र प्रस्तुतकर्ता

१) पहिलो कार्यपत्रः सरकारी वकीलको परिचय, सरकारवादी मुद्दाहरू र समुदायबाट गरिएको अपेक्षा, नगेन्द्र लम्साल, निमित्त सहन्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय, तुलसीपुर

२) दोस्रो कार्यपत्रः अपराधको प्रवृत्ति र विश्लेषण, होमबहादुर पराजुली, प्रहरी नायव उपरीक्षक, ईलाका प्रहरी कार्यालय, तुलसीपुर

३) तेस्रो कार्यपत्रः लैङ्गिक हिंसाको परिचय र महिला माथि हुने कसूरलाई दण्डनीय बनाउन मुलुकी अपराध संहितामा भएको व्यवस्थाहरु, नगेन्द्र लम्साल, निमित्त सहन्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय, तुलसीपुर
४) चौथो कार्यपत्रः महिलासँग सरोकार राख्ने विशेष ऐनहरुमा कसूर सम्बन्धी भएको व्यवस्था, नगेन्द्र लम्साल, निमित्त सहन्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय, तुलसीपुर

४. छलफलमा व्यक्त भएका विचारहरू र उठेका मुख्य मुख्य विषयहरू

श्री टंकी भण्डारी
न्यायिक समिति सदस्य, दंगीशरण गाउँपालिका ।

- अंगभंग कस्तो प्रकृतिको मुद्दा हुन्छ । साधारण चोरी गरेकालाई पनि अभद्र व्यवहार मुद्दा चलाउने गरेको पाइन्छ ।

श्री नवराज लामिछाने
अध्यक्ष, नवजागरण महिला तथा बाल संरक्षण केन्द्र, तुलसीपुर ।

- लैङ्गिक हिंसा न्यूनीकरण गर्न तथा महिला र बालबालिका माथि हुने यौन दुर्व्यवहार र बालविवाह जस्ता अपराधको रोकथाम र नियन्त्रणका लागि समुदाय स्तर र विद्यालय स्तरसम्म सचेतना गराउनका लागि स्थानीय तहहरुले सामाजिक परिचालकहरु नियुक्ती गरी समुदाय स्तरसम्म सामाजिक अध्ययन र मनोसामाजिक परामर्श उपलब्ध गराउनुपर्ने देखिन्छ ।
- बालविवाह अहिले पनि समुदाय स्तरमा हुँदा जटिल समस्याको रुपमा रहेको छ।

श्री मधुसुदन गौतम
अध्यक्ष, उच्च अदालत तुलसीपुर बार ईकाइ ।

- स्थानीय तहले समुदाय स्तरमा अपराधको न्यूनीकरण र रोकथामका लागि विभिन्न कार्यक्रमहरु तथा न्यायिक समितिका पदाधिकारी सहित कर्मचारीहरुको कानूनी ज्ञान सीपको क्षमता अभिवृद्धिका लागि वार्षिक कार्यक्रम तर्जुमा गरी सरोकारवालाहरुको समन्वयमा सञ्चालन गर्दा प्रभावकारी हुन्छ ।

श्री नारायणी रजौरे
प्रमुख, राष्ट्रिय समाचार समिति दाङ ।

- लैङ्गिक हिंसा सहितका अपराधको न्यूनीकरण र रोकथामका लागि यस किसिमका कार्यक्रमहरु सरोकारवालहरुसँग समन्वय गरी स्थानीय तहले संचालन गर्दा प्रभावकारी हुने बताउँदै सञ्चारकर्मीहरुका लागि समेत सरकारी वकीलका काम कारबाही सहित कानूनी सचेतना सम्बन्धी कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ।

कर्णबहादुर नेपाली

दंगीशरण, गाउँपालिका ।

- न्यायिक काम कारबाहीसँगै अदालतमा परेका रिट निवेदनहरुको लिखित जवाफ पेश गर्न लगायत विभिन्न निकायहरुबाट माग हुने उजुरीहरुको जवाफ पठाउने कार्य सहित स्थानीय तहले तर्जुमा गर्ने कानून निर्माण सहित कानून कार्यान्वयन गर्ने र समुदायलाई कानूनी ज्ञानका विषयमा सचेतना गराउने कार्यक्रमहरुको निर्माण र कार्यान्वयनका लागि कानून सम्बन्धी ज्ञान सीप र अध्ययन भएको कर्मचारीको दरवन्दी स्थानीय तहमा अपरिहार्य भएको छ।
- लैङ्गिक हिंसा सहित अपराधको न्यूनीकरण र रोकथामका लागि यस किसिमका सचेतना कार्यक्रहरु समुदायको हरेक तह र तप्कासम्म पुर्याउन जरुरी भएकाले सरोकारवाला निकायहरुसँगको सहकार्यमा यस किसिमका कार्यक्रहरु स्थानीय तहबाट सञ्चालन हुन जरुरी छ।

श्री डिला भुसाल

संयोजक, एकद्वार संकट व्यवस्थापन केन्द्र, रासी प्रादेशिक अस्पताल, तुलसीपुर।

- यौनजन्य हिंसामा विशेष रुपमा जबरजस्ती करणीका पीडितहरु कसूर भएको सात दिन पछि मेडिकल चेकजाँच गराउन आउँदा प्रमाण संकलन गरे पनि शारीरिक प्रमाण नष्ट हुने हुँदा पीडितको घटनाविवरणले मात्र अनुसन्धान कति प्रभावकारी हुन्छ।

श्री रुद्रमणि खरेल

अधिकृत, सामाजिक विकास डिभिजन कार्यालय, तुलसीपुर, दाङ ।

- लैङ्गिक हिंसा निवारण कसरी गर्न सकिन्छ भनेर कार्यान्वयन योग्य कार्यक्रम निर्धारण गरी कार्यान्वयन हुन जरुरी छ। मानिसको सोच विचार र संस्कारमा परिवर्तन भए मात्र लैङ्गिक हिंसा न्यूनीकरण र निवारण गर्न सकिन्छ।

श्री लक्ष्मी चौधरी

अध्यक्ष, दिदी घर ।

- लैङ्गिक हिंसा सम्बन्धी अपराध गरेमा हुने सजाय र कानूनी व्यवस्थाको बारेमा वडा स्तर देखि नै कार्यक्रम संचालन गर्न आवश्यक देखिन्छ।
- लागू पदार्थ दुर्व्यसनी युवाको संख्या दिन प्रतिदिन एकदमै विकराल अवस्थामा बढ्दै गएको छ। यसको लागि जनस्तरसम्म कानूनी सचेतना सम्बन्धी कार्यक्रम स्थानीय तहबाट गर्न आवश्यक छ।

- बहुविवाह तथा बालविवाह समाजमा अदृश्य रुपमा धैरै बढ्दो अवस्थामा देखिन्छ। तर बाहिर खुलेर समाजमा आएको देखिदैन। यसको रोकथामका लागि कानूनी रुपमा के गर्न सकिन्छ।

श्री प्रेमा बुढाथोकी
उपाध्यक्ष, शान्तिनगर गाउँपालिका ।

- लैङ्गिक हिंसा न्यूनीकरण र अपराधको रोकथामका लागि कानूनी सचेतना कार्यक्रहरुलाई अभियानको रुपमा संचालन गर्नुपर्ने बताउँदै न्यायिक समितिका पदाधिकारीहरुलाई स्थानीय तहबाट सम्पादन गर्नुपर्ने न्यायिक काम कारबाही प्रभावकारी रुपमा सम्पन्न गर्ने विषयमा तालिम आवश्यक रहेको छ।

श्री पिमाकुमारी खड्का
उपाध्यक्ष, दंगीशरण गाउँपालिका ।

- अपराधको न्यूनीकरण र रोकथामका लागि नागरिकलाई कानूनी सचेतना अपरिहार्य रहेको बताउँदै स्थानीय तह न्यायिक समितिबाट सम्पन्न हुने काम कारबाही प्रभावकारी रुपमा सम्पन्न गर्न न्यायिक समितका पदाधिकारीलाई कानूनी ज्ञान सम्बन्धी आवश्यक तालिम सहित न्यायिक काम कारबाहीमा सहयोग गर्ने कानून अधिकृतको दरवन्दी स्थानीय तहमा अपरिहार्य रहेको छ।

श्री स्यानी चौधरी
उपप्रमुख, तुलसीपुर उपमहानगरपालिका ।

- आत्महत्याको संख्या बढ्दो देखिएकाले के कुन कारणले मानिस आत्महत्या गर्न पुग्छ । यसको अध्ययन हुन जरुरी देखिएको छ।
- बालविवाह समाजमा अदृश्य रुपमा रहेकाले यसको असरका सम्बन्धमा सचेतना आवश्य रहेको छ।
- लैङ्गिक हिंसा न्यूनीकरण र सचेतनाका लागि सबै सरोकारवाला निकायको सामूहिक प्रयास अपरिहार्य रहेको छ।

## ५. छलफलमा उठेका विषयहरूको सम्बोधन

कार्यक्रममा सहभागीले उठाएका जिज्ञाशाहरुको सम्बोधन कार्यपत्र प्रस्तोताहरुले गर्नुभएको थियो ।

श्री होमबहादुर पराजुली
प्रहरी नायव उपरीक्षक, ईलाका प्रहरी कार्यालय, तुलसीपुर

- साधारण चोरी गरेका मुद्दालाई अभद्र व्यवहार मुद्दा चलाउने हुँदैन । जसले जे कसूर गरेको छ । जाहेरी जे मा आएको छ । त्यसैमा अनुसन्धान हुन्छ ।

अनुसन्धान गर्दै जाँदा अर्को कसूर गरेको देखिएमा अनुसन्धान गरी अभियोजन निर्णयका लागि जिल्ला सरकारी वकील कार्यालयमा अनुसन्धान अधिकृतको राय सहित सक्कल र नक्कल मिसिल पठाइन्छ । सरकारी वकीलले मुद्दाको फाईल अध्ययन गरी अभियोजन सम्बन्धी निर्णय गरी मुद्दा सम्बन्धित अदालत वा मुद्दा हेर्ने अधिकारी समक्ष दायर गरिन्छ ।

- मानिसमा जीवनप्रति निराशा लगायत मानसिक तनावका कारण आत्महत्या गर्ने गरेको देखिएको छ । यसका लागि स्थानीय तहहरुबाट समुदायमा पुगेर सामाजिक अध्ययनसँगै मनोसामाजिक परामर्श उपलब्ध गराउन जरुरी छ।
- लैङ्गिक हिंसाको न्यूनीकरण सँगै पीडितको संरक्षण सहित अपराधको नियन्त्रण र रोकथामका लागि प्रहरीलाई कसूरको अपराधको जानकारी दिनुका साथै समुदाय र स्थानीय तहको सहयोग अपरिहार्य रहेको छ।

उक्त कार्यक्रममा सहभागीहरुले छलफलमा उठाएका विषयहरूको निमित्त सहन्यायाधिवक्ता श्री नगेन्द्र लम्सालले सम्बोधन गरी कार्यक्रम समापन गर्नुभएको थियो । छलफलमा उठेका विषयहरूको सम्बोधनलाई बुँदागत रूपमा उल्लेख गरिएको छ ।

**श्री नगेन्द्र लम्साल**
**निमित्त सहन्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय, तुलसीपुर**

- अंगभंग कस्तो प्रकृतिको मुद्दा चल्छ भन्ने सम्बन्धमा मुलुकी अपराध संहिता, २०७४ को दफा १९२ मा कुन कुन अवस्थामा अंगभंग हुन्छ भनी उल्लेख गरेको अवस्था छ । चिकित्सकको घाउ जाँच केश फारमलाई अंगभंगको कसूरको अवस्था भए नभएको सम्बन्धमा प्रमाणको रुपमा विश्लेषण गरिन्छ ।
- आत्महत्या रोकथामका लागि समुदायमा बढि भन्दा बढि संख्यामा सामाजिक अध्ययन गरी मनोसामाजिक परामर्श उपलब्ध गराउन जरुरी छ।
- सरकारवादी फौजदारी मुद्दामा पीडितलाई न्याय दिलाउन समुदायसँग सरकारी वकीलले राखेका अपेक्षा, पीडितको संरक्षण, लैङ्गिक हिंसा न्यूनीकरण गरी कानूनी सचेतनासँगै पीडितलाई न्याय प्राप्त गर्ने कार्यमा स्थानीय तह तथा सरोकारवाला सम्बन्धित निकायहरु प्रहरी, सरकारी वकील, सरकारी निकाय, गैरसरकारी संस्था र अस्पताल सहित पीडितलाई मनोसामाजिक परामर्श र पुर्नस्थापना गर्ने संस्थाहरुको भूमिका महत्वपूर्ण हुन्छ ।
- लैङ्गिक हिंसा सहितका अपराधहरुको न्यूनिकरणका लागि स्थानीय तह, प्रहरी, सरकारी वकील र समुदायसँग सम्बन्धित संघ संस्था र अन्य सरोकारवाला सरकारी निकायको सहयोग र समन्वयमा विभिन्न सचेतनामूलक कार्यक्रमहरु समुदायस्तरका अगुवा, विद्यालय र क्याम्पसहरुमा गर्दा प्रभावकारी हुन्छ।

- दाङमा देखिएका लागूऔषध, बालविवाह, यौनजन्य अपराध, सडक दुर्घटना, आत्महत्या लगायतका अपराधहरुको न्यूनिकरणका लागि स्थानीय तह, प्रहरी, सरकारी वकील र समुदायसँग सम्बन्धित संघ संस्था र अन्य सरोकारवाला सरकारी निकायको सहयोग र समन्वयमा विभिन्न सचेतनामूलक कार्यक्रमहरु समुदायस्तर, विद्यालय र क्याम्पसहरुमा गर्दा प्रभावकारी हुन्छ ।
- सरकारवादी फौजदारी मुद्दाको कारबाही प्रकृयामा पीडितले कुनै शुल्क तिर्नु पर्दैन । मुद्दासँग सम्बन्धित कागजातहरु अदालतमा अभियोग पत्र पेश गरेपछि पीडितलाई अभियोग पत्र, थुनछेक आदेश र फैसला लगायतका कागजातहरु सरकारी वकील कार्यालयमा आई माग गरेमा निशुल्क रुपमा उपलब्ध गराइन्छ ।
- यस दाङ जिल्लामा जिल्ला कानूनी सहायता समिति समेत रहेको छ । असमर्थ पक्ष र विपन्न व्यक्तिलाई कानूनी सहायता र प्रहरी, अदालत, अर्धन्यायिक निकाय, न्यायिक समिति र जिल्ला प्रशासन कार्यालयमा दिनुपर्ने निवेदनहरु तयार गर्नमा निशुल्क कानूनी सहायता प्रदान गर्छ । सम्बन्धित नगरपालिका वा गाउँपालिकाको वडा कार्यालय र नगरपालिकाबाट सिफारिस पत्रसहित असमर्थ पक्षले सहायता मागेमा जिल्ला कानूनी सहायता समितिले रेकर्ड जनाई कानूनी सहायता उपलब्ध गराउँछ । अदालतमा मुद्दा दायर भएपछि कानून व्यवसायी राख्न नसक्ने सरकारवादी फौजदारी मुद्दाका प्रतिवादीलाई अदालतले समेत निशुल्क कानूनी सहायता प्रदान गर्न वैतनिक वकिलको व्यवस्था गरेको छ ।
- यौनजन्य हिंसाका पीडितलाई तत्काल कानूनी परामर्शको आवश्यकता भएको जानकारी प्राप्त भएमा कानूनी परामर्श उपलब्ध गराउन सकिन्छ ।
- पीडित व्यक्तिले आफू अपराधबाट पीडित भएमा त्यसको जानकारी प्रहरी कहाँ निवेदन र जाहेरी लिएर जानुका साथै परिवार र समाजले समेत दोषीलाई कारबाही गर्नमा प्रहरीलाई सहयोग गर्नुपर्छ ।
- यौनजन्य हिंसाका र घाउचोट लागेका पीडितलाई छिटो भन्दा छिटो अस्पतालमा लिएर तोकिएको ढाँचाको फारममा यौनजन्य हिंसा र घाउचोट विवरण उल्लेख गर्न लगाई चेक जाँच गराउँदा वारदातलाई पुष्टि गर्न मद्दत पुग्छ । यौनजन्य हिंसामा शारीरिक प्रमाणसहित अन्य प्रमाणहरु समेत संकलन गरिन्छ । पीडितको शारीरिक चेक जाँच गर्न ढिलो भएको अवस्थामा अन्य प्रमाणहरुको संकलन गरी विश्लेषण गरेर समेत कसूरलाई पुष्टि गरिन्छ ।
- यौन हिंसा अपराधको रोकथामका लागि सचेतनासँगै, प्रतिवादीलाई कानूनी कारबाही तथा पीडितको पुर्नस्थापना र न्यायमा पहुँच पुर्याउन सबै क्षेत्रका सरोकारवाला निकाय र समुदाय क्रियाशील भई प्रहरीलाई अनुसन्धानमा सहयोग गर्नुपर्छ ।
- उमेर नपुगेको १८ वर्ष मुनिको बालिकासँग सहमतीमा करणी गरे पनि जबरजस्ती करणी हुने कानूनी व्यवस्था भएकाले कसैले पनि यस्तो जघन्य कसूर गर्न हुँदैन

भनी कसूर गर्दा हुने सजायका बारेमा समुदाय स्तरमा कानूनी सचेतना गराउँदा रोकथाममा मद्दत पुग्छ ।

- कानूनले मिलापत्र हुन सक्ने भनी उल्लेख गरेका सरकारवादी फौजदारी मुद्दामा मिलापत्र गर्नका लागि सम्बन्धित सरकारी वकील कार्यालयमा जाहेरवाला र प्रतिवादीले मिलापत्र गर्न चाहेको संयुक्त निवेदन लगायतका सम्बद्ध कागजातहरु सहित निवेदन दिन सक्ने कानूनी व्यवस्था रहेको छ। अन्य सरकारवादी फौजदारी मुद्दाको मिलापत्र गराउने र प्रमाण दबाउने कार्यमा समाजमा कुनै पनि वर्गका व्यक्तिहरु सक्रिय हुनु हुँदैन । सरकारवादी फौजदारी मुद्दाको मिलापत्र गराउने र प्रमाण दबाउने कार्यमा क्रियाशील व्यक्ति उपर समेत कानूनी कारवाही हुने व्यवस्था रहेको छ ।
- बालविवाह र लागू औषध जस्ता कसूरको रोकथामका लागि समुदाय स्तरमा व्यापक रुपमा परिवारको सदस्यहरुसम्म त्यसले पार्ने असर र कानूनी सजायको बारेमा जानकारी गराएमा रोकथाम कम गर्न मद्दत पुग्छ । यसका लागि सबै निकायबीच समन्वय र सहकार्य जरुरी देखिन्छ । लागू औषध दुर्व्यसनीमा फसेको व्यक्ति विस्तारै लागू औषध सेवनका लागि कारोबारतर्फ क्रियाशील हुने तथा लागू औषध खरिदका लागि चोरी र डाँका जस्ता क्रियाकलापमा समेत क्रियाशील हुने भएकाले आफ्नो घर परिवारको सदस्य, साथी र छिमेकी कसैलाई पनि यस्तो कुलतमा फस्न नदिन र फसेकालाई लागू औषध दुर्व्यसनबाट छुटाउने कार्यमा समाजमा सबै वर्ग क्रियाशील हुन जरुरी छ ।
- २० वर्ष उमेर नपुगी विवाह गर्नु कसूर भएको बारे सचेतनासँगै बालविवाहले बालबालिकाको शारिरिक र बौद्धिक क्षमतामा पार्ने असरका बारेमा परिवारका सदस्य र बालबालिकालाई यस विषयमा सचेत गराउन जरुरी छ । बालविवाह गर्ने र बालविवाह गराउने परिवारका सदस्यहरुलाई हुने कानूनी सजायको बारेमा जानकारी गराएमा पनि बालविवाहको रोकथाममा सहयोग पुग्छ ।
- बालविवाहबाट जन्मेको बच्चाको जन्मदर्ताको अधिकार हुन्छ । बालविवाह अवैध भएपनि बालबालिकाको जन्म दर्ता नगरपालिका र गाउँपालिकाका वडाले गरिदिनुपर्छ ।
- जाहेरी दरखास्त लेख्नको लागि कुनै तालिम लिएको हुनुपर्दैन । पीडितले आफै जाहेरी दरखास्त लेखेर पनि नजिकको प्रहरी कार्यालयमा दिन सक्छन् । पीडितले जाहेरी दरखास्त लेख्न नसक्ने भए कुनै लेखपढ गर्न जान्ने व्यक्तिलाई घटनाको यथार्थ विवरण टिपाएर पनि सोही ब्यहोरालाई पनि जाहेरी दरखास्तको रुपमा दर्ता गर्न सकिन्छ । जाहेरी दरखास्त अपराधको सूचना मात्र भएकाले तोकिएको फर्मेट मै हुन जरुरी छैन ।

- पीडित बालबालिका, यौन हिंसा र मानव बेचविखन लगायतका पीडित र निजको परिवारका सदस्यहरुको विवरण गोप्य राखेर सांकेतिक नाम दिने गरिन्छ । बालबालिका पीडित भएको मुद्दामा निजको तर्फबाट जाहेरी दरखास्त दिने नजिकको परिवारको मानिस कोही नभएमा बालबालिकाको क्षेत्रमा क्रियाशील संस्थाका प्रतिनिधि मार्फत र प्रहरी प्रतिवेदनबाट समेत मुद्दाको कारबाही अगाडि बढाउन सकिन्छ । यसैगरी कानूनको विवादमा परेका बालबालिका र निजको परिवारको सदस्यहरुको विवरणसमेत सांकेतिक नाम दिएर गोप्य राखिन्छ ।
- सरकारवादी मुद्दाका पीडितलाई तत्काल कानूनी परामर्शको आवश्यकता भएको जानकारी प्राप्त भएमा सरकारी वकीलबाटसमेत कानूनी परामर्श उपलब्ध गराउन सकिन्छ ।
- कुनै पनि वारदातको घटनाको बारेमा जानकार र प्रत्यक्षदर्शी व्यक्तिले घटनाको बारेमा यथार्थ विवरण नबताउँदा वारदातमा निजको संलग्नता सम्बन्धमा समेत शंका उत्पन्न हुन सक्छ । त्यसैले प्रत्यक्षदर्शी र घटनाको बारेमा जानकार व्यक्तिले घटनाको बारेमा यथार्थ विवरण खुलाइदिनु पर्छ ।

कार्यक्रममा सरकारी वकील, प्रहरी, कानून व्यवसायी, अस्पतालका प्रतिनिधि, लैङ्गिक हिंसाको क्षेत्रमा काम गर्ने संस्थाका प्रतिनिधिहरु, सञ्चारकर्मी, सरोकारवाला सरकारी कार्यालयका प्रमुख र प्रतिनिधिहरु र दाङका ४ वटा स्थानीय तह तुलसीपुर उपमहानगरपालिका, दंगिशरण गाउँपालिका, शान्तिनगर गाउँपालिका र बबई गाउँपालिकाका उपप्रमुख, न्यायिक समितिका सदस्यहरु र कर्मचारीहरु गरी ३८ जनाको सहभागीता रहेको थियो। उक्त कार्यक्रमको सञ्चालन सहायक न्यायाधिवक्ता श्री टिकाकुमारी रोका (के.सी.) ले गर्नुभएको थियो ।

६. कार्यक्रमबाट हासिल मुख्य उपलब्धिहरू

- सरकारी वकीलको काम कारबाही बारे सहभागीलाई जानकारी भई सरकारी वकीलको कामको पहिचानमा वृद्धि भएको छ ।
- सरकारवादी मुद्दाको अनुसन्धान र अभियोजनको प्रकृयाको बारेमा सहभागीलाई जानकारी भएको छ ।
- लैङ्गिक हिंसाको विषयमा सचेतना वृद्धिसँगै लैङ्गिक हिंसाको कानूनी उपचार र विभिन्न कानूनहरुमा भएको कानूनी व्यवस्थाको सम्बन्धमा सहभागीहरुलाई जानकारी प्राप्त भएको छ।
- सरकारी वकीलको काम कारबाहीको उत्तरदायित्व र पारदर्शीताको सम्वन्धमा सहभागीले राखेको जिज्ञाशा र त्यसको सम्बोधनले मद्दत गरेको छ ।
- अपराधको न्यूनीकरण एवम् कानूनको न्यायप्रणालीप्रति विश्वासको भावना वृद्धि भएको छ ।

- सरकारवादी मुद्दाको अनुसन्धानमा समुदायको सहयोगले फौजदारी न्याय प्रशासन सवल बनाउन र पीडितलाई न्याय र कसूरदारलाई सजाय दिलाउन महत्वपूर्ण भूमिका हुने भनी सहभागीमा सचेतना वृद्धि भएको छ ।

**७. कार्यक्रम आयोजनामा आइपरेका समस्या/चुनौतीहरू**

कार्यक्रम सौहार्दपूर्ण वातावरणमा सम्पन्न भएको थियो । कार्यक्रम आयोजना र सञ्चालनमा कुनै समस्या र चुनौतीको सामना आयोजकले गर्नु परेन ।

**८. आगामी कार्यक्रमका लागि सुझाव**

- समुदायमा सरकारी वकील कार्यक्रमलाई अभियानको रूपमा समुदायका हरेक क्षेत्र, वर्ग र जिल्लाका विभिन्न स्थानमा कार्यक्रम आयोजना गर्दा सरकारी वकीलको पहिचान वृद्धि हुनुका साथै अपराधको रोकथाम र अपराधको अनुसन्धानमा समुदायको सहयोगमा वृद्धि हुने देखिन्छ ।

अनुसूचीहरू

क) कार्यक्रम तालिका

"समुदायमा सरकारी वकील कार्यक्रम"

स्थानीय तहका न्यायिक समितिका पदाधिकारीहरु सहित सरोकारवालाहरुसँग लैङ्गिक हिंसा सम्बन्धी कानूनी सचेतना अन्तरक्रिया कार्यक्रम

मितिः २०८२।८।१६ गते समयः विहान ११:३० बजेदेखि ०३:३० बजेसम्म

कार्यक्रम स्थानः उच्च सरकारी वकील कार्यालय, तुलसीपुर ।

आयोजकः उच्च सरकारी वकील कार्यालय, तुलसीपुर ।

कार्यक्रम सञ्चालकः सहायक न्यायाधिवक्ता श्री टिकाकुमारी रोका (के.सी.)

| | |
|---|---|
| ११:३०-१२:०० | उपस्थिति<br>कार्यक्रम अध्यक्षताः उच्च सरकारी वकील कार्यालय तुलसीपुरका निमित्त सहन्यायाधिवक्ता नगेन्द्र लम्साल<br>प्रमुख अतिथिः तुलसीपुर उपमहानगरपालिकाका उपप्रमुख एवं न्यायिक समिति संयोजक श्री स्यानी चौधरी<br>अतिथिहरुः<br>दंगिशरण गाउँपालिकाका उपाध्यक्ष पिमाकुमारी खड्का<br>शान्तिनगर गाउँपालिकाका उपाध्यक्ष प्रेमा बुढाथोकी<br>सहभागीहरु बीच परिचय |
| १२:००-१२:३० | कार्यपत्र प्रस्तुती<br>सरकारी वकीलको परिचय, सरकारवादी मुद्दाहरू र समुदायबाट गरिएको अपेक्षा, निमित्त सहन्यायाधिवक्ता नगेन्द्र लम्साल, उच्च सरकारी वकील कार्यालय तुलसीपुर |
| १२:३०-१:०० | अपराधको प्रवृत्ति र विश्लेषण, प्रहरी नायव उपरीक्षक होमबहादुर पराजुली, ईलाका प्रहरी कार्यालय, तुलसीपुर |
| १:००-१:३० | लैङ्गिक हिंसाको परिचय र महिला माथि हुने कसूरलाई दण्डनीय बनाउन मुलुकी अपराध संहितामा भएको व्यवस्थाहरु, निमित्त सहन्यायाधिवक्ता नगेन्द्र लम्साल, उच्च सरकारी वकील कार्यालय तुलसीपुर |
| १:३०-२:०० | महिलासँग सरोकार राख्ने विशेष ऐनहरुमा कसूर सम्बन्धी भएको व्यवस्था, निमित्त सहन्यायाधिवक्ता नगेन्द्र लम्साल, उच्च सरकारी वकील कार्यालय तुलसीपुर |
| २:००-३:३० | खुला छलफल/जिज्ञाशाको सम्बोधन सँगै उच्च सरकारी वकील कार्यालय तुलसीपुरका निमित्त सहन्यायाधिवक्ता नगेन्द्र लम्सालबाट कार्यक्रम समापन |

ग) कार्यक्रमका सहभागीहरूको नामावली

"समुदायमा सरकारी वकील कार्यक्रम"

स्थानीय तहका न्यायिक समितिका पदाधिकारी सहित सरोकारवालाहरुसँग

लैङ्गिक हिंसा सम्बन्धी कानूनी सचेतना अन्तरक्रिया कार्यक्रम

मितिः २०८२।०८।१६

कार्यक्रम स्थानः उसवका तुलसीपुरको सभाहल आयोजकः उसवका तुलसीपुर

| क्र.सं. | नाम | पद/कार्यालय | टेलिफोन नं/ईमेल |
|---|---|---|---|
| १ | नगेन्द्र लम्साल | निमित्त सहन्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय, तुलसीपुर | ९८४१४४०७८१<br>nagendralamsal@gmail.com |
| २ | स्यानी चौधरी | उपमेयर, तुलसीपुर उपमहानगरपालिका | ९८६८९७१६८१<br>tulsipur.deputymayor@gmail.com |
| ३ | पिमाकुमारी वली (खड्का) | उपाध्यक्ष, दंगीशरण गाउँपालिका | ९८५७८२०३६१<br>pimakhadka1@gmail.com |
| ४ | प्रेमा बुढाथोकी | उपाध्यक्ष, शान्तिनगर गाउँपालिका | ९८६६९०५८११ |
| ५ | पुष्पराज पौडेल | कार्यालय प्रमुख, ईलाका प्रशासन कार्यालय, तुलसीपुर | ९८५७८२९३३३ |
| ६ | होमबहादुर पराजुली | प्रहरी नायव उपरीक्षक, ईलाका प्रहरी कार्यालय, तुलसीपुर | ९८५७८९००८८ |
| ७ | मधुसुदन गौतम | अध्यक्ष, उच्च अदालत बार ईकाइ | ९८५७८६६०७७<br>madhu07gautam@gmail.com |
| ८ | बिन्दु अर्याल | जिल्ला कानूनी सहायता अधिकारी, जिल्ला कानूनी सहायता समिति दाङ | ९८४३६२२०२१<br>binduaryal9@gmail.com |
| ९ | जीत सागर जी.एम. | सम्पादक, रेडियो हाम्रो पहुँच | ९८५७८७१०३४<br>newsrhpfm@gmail.com |
| १० | नारायणी रजौरे | राष्ट्रिय समाचार समिति दाङ, प्रमुख | ९८५७८२३८११<br>rajaurenarayani@gmail.com |
| ११ | कर्णबहादुर नेपाली | दंगीशरण गाउँपालिका, प्रमुख प्रशासकिय अधिकृत | ९८५७८६२०११<br>nepalikarna39@gmail.com |
| १२ | नवराज | नवजागरण महिला तथा बाल | ९८५७८२१०९१ |

| | | | |
|---|---|---|---|
| | लामिछाने | संरक्षण केन्द्र, तुलसीपुर ६, अध्यक्ष | navaraj_20@yahoo.com , navaraj1964@gmail.com |
| १३ | देवी पोखेल | तुलसीपुर उपमहानगरपालिका, न्यायिक समिति सदस्य | ९८४७९३८५४१ |
| १४ | सीता लामिछाने | दंगीशरण गाउँपालिका, उजुरी सहायक | ९८४७८३६६२९ |
| १५ | लालमती भण्डारी | तुलसीपुर उपमहानगरपालिका, न्यायिक समिति सदस्य | ९८४७८३७६१२ |
| १६ | सुनकुमारी घर्ती | दंगीशरण गाउँपालिका, महिला बालबालिका शाखा प्रमुख | ९८४७८५०६९४ |
| १७ | टंकी भण्डारी | दंगीशरण गाउँपालिका, न्यायिक समिति सदस्य | ९८२९८१३३२८ |
| १८ | डिला भुसाल | एकद्वार संकट व्यवस्था केन्द्र, राप्ती प्रादेशिक अस्पताल, संयोजक | ९८४७८२६९०५ |
| १९ | माया चौधरी | दिदी घर संस्था बाल गृह संरक्षण, सचिव | ९८४७९३२६३४ |
| २० | लक्ष्मी चौधरी | दिदी घर बाल संरक्षण गृह, अध्यक्ष | ९८४७८३१५९० sisterhomedang@gmail.com |
| २१ | रुद्रमणि खरेल | सामाजिक विकास डिभिजन कार्यालय, तुलसीपुर, दाङ, अधिकृत | ९८४८४०२९१७ |
| २२ | भेषराज चन्द | शान्तिनगर गाउँपालिका, प्रमुख प्रशासकिय अधिकृत | ९८५७८२४५५४ |
| २३ | सिखा पाण्डे | शान्तिनगर गाउँपालिका, महिला विकास निरीक्षक | ९८४७६५७७२७ |
| २४ | खिमाकुमारी वि.क. | बबई गाउँपालिका, न्यायिक समिति सदस्य | ९८०९८७२४२४ |
| २५ | जयचन्द्र आचार्य | रेन्जर, डिभिजन वन कार्यालय, दाङ | ९८४८३०२८८७ |
| २६ | ललिता आचार्य | तुलसीपुर उपमहानगरपालिका, उपप्रमुख सचिवालय | ९८४७८९११०१ |
| २७ | लक्ष्मी राना | तुलसीपुर उपमहानगरपालिका, | ९८६४३६०६६३ |

| | | | |
|---|---|---|---|
| | | प्रशासकिय अधिकृत | |
| २८ | उर्मिला जिरेल बस्याल | बबई गाउँपालिका, न्यायिक सहजकर्ता | ९८६८६७२१६२ |
| २९ | ईश्वरा राउत | तुलसीपुर उपमहानगरपालिका, महिला बालबालिका शाखा, सहायक महिला विकास अधिकृत | ९८५७८३१२०८ |
| ३० | खिमा पुन | बबई गाउँपालिकाको कार्यालय, महिला विकास निरीक्षक | ९८६८६१०५९७ |
| ३१ | छविलाल वली | ईलाका प्रहरी कार्यालय, तुलसीपुर, प्रहरी जवान | ९७६५४९००७८ |
| ३२ | टिकाकुमारी रोका (के.सी.) | उच्च सरकारी वकील कार्यालय, तुलसीपुर, सहायक न्यायाधिवक्ता | ९८६८६३२६२४ |
| ३३ | मन्जु बुढाथोकी | उच्च सरकारी वकील कार्यालय, तुलसीपुर, सहायक न्यायाधिवक्ता | ९८४९५५४९९३ |
| ३४ | कमला रावत | उच्च सरकारी वकील कार्यालय, तुलसीपुर लेखापाल | ९८४९७५७०४४ |
| ३५ | सनि कक्रेल | उच्च सरकारी वकील कार्यालय, तुलसीपुर, खरिदार | ९८६६२०६१६५ |
| ३६ | सुमनकुमार चौधरी | उच्च सरकारी वकील कार्यालय, तुलसीपुर, नायव सुब्बा | ९८४६८८५५१३ csuman72@gmail.com |
| ३७ | रिता रिजाल | उच्च सरकारी वकील कार्यालय, तुलसीपुर, कार्यालय सहयोगी | ९८४७९०००२३ |
| ३८ | जानकी खड्का | उच्च सरकारी वकील कार्यालय, तुलसीपुर, कम्प्युटर अपरेटर | ९८६५०८७६५४ |

ग) कार्यक्रमको तस्विर





समुदायमा सरकारी वकील कार्यक्रमका सहभागीहरु ।



कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै उच्च सरकारी वकील कार्यालय तुलसीपुरका निमित्त सहन्यायाधिवक्ता नगेन्द्र लम्साल



कार्यक्रममा कार्यपत्र प्रस्तुतु गर्दै ईलाका प्रहरी कार्यालय तुलसीपुरका प्रहरी नायव उपरीक्षक होमबहादुर पराजुली



समुदायमा सरकारी वकील कार्यक्रमका सहभागीहरु ।

घ) कार्यक्रममा प्रस्तुत भएका कार्यपत्रहरू

पहिलो कार्यपत्र

१ सरकारी वकीलको परिचय, सरकारवादी मुद्दाहरू र समुदायबाट गरिएको अपेक्षा

नगेन्द्र लम्साल, निमित्त सहन्यायाधिवक्ता,
उच्च सरकारी वकील कार्यालय, तुलसीपुर
२०८२ मंसिर १६ गते

सरकारी वकीलको परिचयः

सरकारी वकील को हुन् :

- फौजदारी न्याय प्रशासनका तीन प्रमुख कार्य अनुसन्धान, अभियोजन र न्यायिक निर्णय मध्ये महान्यायाधिवक्ताको कार्यालय र यस अन्तर्गतका सरकारी वकील कार्यालयमा कार्यरत सरकारी वकीलहरूलाई राज्यको तर्फबाट अभियोजनकर्ताको जिम्मेवारी दिइएको छ ।
- राज्यको कानूनको रक्षक र सरकारको कानूनी सल्लाहकार सरकारी वकील हो ।
- सरकारवादी मुद्दाहरूमा र सरकारलाई विपक्षी बनाई दायर भएका रिट/मुद्दाहरूमा राज्यको तर्फबाट अदालत/न्यायिक निकायमा प्रतिनिधित्व गर्दै वहस पैरवी र प्रतिरक्षा गर्ने र सरकावादी मुद्दाहरूको अभियोजन गर्ने कानूनी अधिकार प्राप्त व्यक्तिलाई सरकारी वकील भनिन्छ ।
- सरकारी वकील कानूनको ज्ञाता र विशेषज्ञ हुन्छन् ।
- मानव अधिकारको रक्षक ।
- फौजदारी न्याय प्रशासनको सुधारको संवाहक र समन्वयकर्ता ।
- कानूनको शासनको संरक्षक तथा प्रचलनकर्ता ।
- निशुल्क पीडित पक्षको प्रतिनिधित्व गर्छन् ।
- पीडितलाई न्याय र कसूरदारलाई सजाय दिलाउन न्यायका लागि वोल्ने सहजकर्ता र पीडितलाई अदालतबाट अन्तिम फैसला भएपछि क्षतिपूर्ति दिलाउन समन्वय गर्ने भएकाले सरकारी वकील जनताका वकील हुन् ।

सरकारी वकीलका कामहरूः

सरकारी वकीलको काम सरकार वादी हुने देवानी मुद्दा र सरकारवादी हुने फौजदारी मुद्दासँग मात्र सम्वन्धित हुन्छ । उक्त मुद्दाहरुमा सरकारी वकीलले निम्न कार्यहरू गर्छः

- नेपालको संविधानले संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै अदालत वा न्यायिक निकाय वा अधिकारी समक्ष मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तामा निहित राखेको छ । धारा १५८ (२)

- महान्यायाधिवक्ताबाट अभियोजन सम्बन्धी आफूमा निहित अधिकार मातहत सरकारी वकीललाई तोकिएको शर्तको अधिनमा रही प्रयोग र पालना गर्न सक्ने गरी प्रत्यायोजन गरिएको हुन्छ ।
- नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निजको मातहतका सरकारी वकीलबाट नेपाल सरकारको प्रतिनिधित्व गरिनेछ भनी उल्लेख छ । धारा १५८ (२)
- नेपालको संविधानमा भएको व्यवस्था, महान्यायाधिवक्ताबाट प्रत्यायोजित अधिकार र अन्य कानूनहरूमा भएको व्यवस्था अनुसार सरकारी वकीलले सरकारवादी मुद्दाको साथै सरकारलाई सरोकार पर्ने मुद्दा र सरकारलाई विपक्षी बनाई दायर भएका मुद्दा मामिला र रिट क्षेत्रमा समेत अभियोजन, वहस पैरवी, प्रतिरक्षा गर्ने र सरकारी निकायहरूलाई कानूनी राय प्रदान गर्ने र हिरासतमा रहेका व्यक्तीलाई मानवोचित व्यवहार नगरेको, आफन्त वा कानून व्यवसायीलाई भेटघाट गर्न नदिएको भन्ने जानकारी वा उजुरी परेमा हिरासत अनुगमन गर्ने र छानविन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई निर्देशन दिने काम सरकारी वकीलले गर्छन् ।
- कसूरको प्रभावकारी अनुसन्धानका आधारमा दोषी देखिएका व्यक्ति उपर नेपाल सरकारको तर्फबाट अभियोजन गर्ने र पीडितलाई न्याय उपलब्ध गराउन पिडितको तर्फबाट बहस पैरवी/प्रतिरक्षा गर्ने काम सरकारी वकीलबाट हुन्छ ।
- कसूरको अनुसन्धान गर्ने अधिकारीहरू (प्रहरी अधिकृत, वन कर्मचारी, राष्ट्रिय निकुञ्जका कर्मचारी, औषधी निरिक्षक, खाद्य निरिक्षक, प्रमुख जिल्ला अधिकारी वा अधिकृत आदि) लाई कसूरको अनुसन्धान गर्दा निर्देशन दिने ।
- कसूरको अनुसन्धान गरे पछि प्रमाणको आधारमा को उपर मुद्दा चल्ने, को उपर मुद्दा नचल्ने, मुद्दा चल्ने भए कुन कसूरमा कुन सजायको मागदावी लिएर मुद्दा चलाउने भन्ने कुराको निर्णय गर्ने ।
- मुद्दा चलाउने निर्णय भएमा अभियोग पत्र तयार गरी अदालत/न्यायिक निकायमा प्रमाण सहित मुद्दा पेश गर्ने ।
- मुद्दामा सरकारको तर्फबाट बहस पैरवी गर्ने, साक्षीहरुको वकपत्र गराउने, जिरह गर्ने, पछि प्राप्त भएका प्रमाणहरु अदालतमा पेश गर्ने ।
- अदालत/न्यायिक निकायले गरेको फैसला वा आदेशमा चित्त नबुझेमा माथिल्लो अदालतमा पुनरावेदन गर्ने वा निवेदन दिने ।
- नेपाल सरकारका कार्यालयहरुले माग गरेको कानूनी प्रश्नमा कानूनी राय प्रदान गर्ने ।
- नेपाल सरकारको हक हित सरोकार रहेको मुद्दामा बहस पैरवी प्रतिरक्षा गर्ने तथा साक्षीको वकपत्र गराउने ।

- सरकारी निकाय वा पदाधिकारी विरुद्धका मुद्दामा सरकारी निकाय वा पदाधिकारीको प्रतिरक्षा गर्ने ।
- हिंसा वा अपराध पीडित, जाहेरवाला वा साक्षीका साथै हिरासतमा रहेका व्यक्तिहरूको मानवअधिकारको संरक्षण गर्ने ।

नेपालमा सरकारी वकील कार्यालयको सांगठनिक संरचनाः

१) महान्यायाधिवक्ताको कार्यालय (१ वटा)

२) उच्च सरकारी वकील कार्यालयहरू (१८ वटा)

३) विशेष सरकारी वकील कार्यालय (१ वटा काठमाडौंमा रहेको )

४) जिल्ला सरकारी वकील कार्यालयहरू (७७ वटा)

नेपालमा सरकारी वकीलका पदहरूः

- **महान्यायाधिवक्ताः** प्रधानमन्त्री सिफारिसमा राष्ट्रपतिबाट नियुक्त हुने संवैधानिक व्यवस्था नेपालको संविधानको धारा १५७ (२) मा रहेको छ । धारा १५८ (१) मा नेपाल सरकारको मुख्य कानूनी सल्लाहकार हुनेछ भनी उल्लेख भएको । धारा १५८ (२) मा यस संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै अदालत वा न्यायिक निकाय वा अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई हुनेछ भन्ने संवैधानिक व्यवस्था रहेको छ । महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार सम्बन्धी विस्तृतमा नेपालको संविधानको धारा १५८ मा उल्लेख रहेको छ ।
- **नायव महान्यायाधिवक्ताः** नेपाल न्याय सेवाको राजपत्रांकित विशिष्ट श्रेणी (सचिव स्तर) को सरकारी वकील ।
- **सहन्यायाधिवक्ताः** नेपाल न्याय सेवा, सरकारी वकील समूहको राजपत्रांकित प्रथम श्रेणी (सहसचिव स्तर) को सरकारी वकील ।
- **उपन्यायाधिवक्ता/जिल्ला न्यायाधिवक्ताः** नेपाल न्याय सेवा, सरकारी वकील समूहको राजपत्रांकित द्वितिय श्रेणी (उप सचिव) स्तरको सरकारी वकील ।
- **सहायक जिल्ला न्यायाधिवक्ता/सहायक न्यायाधिवक्ताः** नेपाल न्याय सेवा, सरकारी वकील समूहको राजपत्रांकित तृतीय श्रेणी (शाखा अधिकृत) सरहको सरकारी वकील ।

सरकारवादी मुद्दाहरूः

(क) देवानी मुद्दाहरुः– सरकारी र सार्वजनिक सम्पत्ति सम्वन्धी मुद्दाहरु र नेपाल सरकारको हक हित सरोकार सम्वन्धी देवानी मुद्दाहरु सरकारवादी हुन्छ ।

**(ख) फौजदारी मुद्दाः–** दुनियावादी फौजदारी हुने केही अपवादलाई छाडेर प्राय सबैजसो मुद्दाहरु सरकारवादी हुन्छन् । यसलाई यसरी वर्गिकरण गर्न सकिन्छ ।

**जीउ ज्यान सम्बन्धित कसूरः–** ज्यान सम्बन्धि कसूर, ज्यान मार्ने उद्योग, अंगभंग, तेजाब खनाई कुरुप पारेको, गर्भपतन, गैरकानूनी थुना, व्यक्ति वेपत्ता पार्ने, अपहरण तथा शरिर बन्धक, इलाज (उपचार) सम्वन्धी कसूर, मानव बेचबिखन सम्बन्धी कसूर ।

**राष्ट्र र समाज विरुद्धका कसूरः–** राज्य विरुद्धका कसूर, सार्वजनिक शान्ति भंग गर्ने कसूर, अपराधका प्रमाणहरु नष्ट गर्ने, प्रमाण संकलनमा बाधा पुर्याउने कसूर, सार्वजनिक स्वास्थ्य, सुरक्षा, सुविधा, नैतिकता विरुद्धका कसूरहरु, हातहतियार र विष्फोटक पदार्थ सम्बन्धी कसूर, राष्ट्रिय वा सार्वजनिक सम्पत्ति बिरुद्धको कसूर, धर्म सम्बन्धी कसूर, लागूऔषध, वन सम्वन्धी कसूर, नक्कली नोट, नक्कली टिकट सम्बन्धी कसूर, भ्रष्टाचार सम्बन्धी कसूर ।

**समाजका कमजोर वर्ग उपर भेदभाव सम्बन्धी कसूरः–** गम्भीर घरेलु हिंसा, बोक्सीको आरोप, छुवाछुत सम्वन्धी कसूर ।

**यौनजन्य कसूरः–**वालविवाह, बहुविवाह, जबरजस्ती करणी/उद्योग, बाल यौन दुरुपयोग ।

**सम्पत्ति सम्वन्धी कसुरः–** चोरी, डाँका, ठगी, आपराधिक विश्वासघात, सार्वजनिक लिखत किर्ते सम्बन्धी, नाप तौल सम्बन्धी कसूर, आपराधिक उपद्रव सम्बन्धी कसूर ।

**सरकारवादी फौजदारी मुद्दाको कारबाही प्रकृयामा सरकारी वकीलको प्रतिनिधित्वः**

- अनुसन्धान (निर्देशन दिने)
- अभियोजन (मुद्दा चल्ने नचल्ने निर्णय गर्ने र अभियोग पत्र दायर गर्ने)
- अदालती/न्यायिक कारबाहीमा प्रतिनिधित्व (साक्षी वकपत्र, वहस पैरवी र प्रतिरक्षा, निवेदन, पुनरावेदन, मुद्दा दोहोर्याई हेरी पाउने निवेदन सम्बन्धि काम)

**सरकारवादी फौजदारी मुद्दामा सरोकारवाला निकायहरूः**

- प्रहरी र अन्य अनुसन्धान गर्ने निकायका अनुसन्धान अधिकारी र कर्मचारीहरू
- सरकारी वकील
- निजी कानून व्यवसायी (नेपाल बार)
- अदालत/अर्धन्यायिक निकाय
- फरेन्सिक विज्ञ/चिकित्सक, समुदाय/नागरिक समाज (विभिन्न प्रकारका अपराधको न्याय निरूपणमा सम्बन्धित विज्ञहरू)
- स्थानीय तह
- अन्य विभिन्न सरकारी निकाय/संघ संस्था (अस्पताल, पुर्नस्थापना केन्द्र आदि)

**समुदायबाट सरकारी वकीलले राखेको अपक्षाः**

- कसूरको सूचना नजिकको प्रहरी कार्यालयमा वा नजिकको सम्बन्धित अनुसन्धान गर्ने कार्यालयमा थाहा पाउने वित्तिकै छिटो उपलब्ध गराउने ।

- कसूर गर्ने व्यक्तिलाई पक्राउ गर्न वा नियन्त्रण गर्न सहयोग गर्ने ।
- कसूरको अनुसन्धानको क्रममा आफूले देखेको र थाहा पाएको साँचो कुराको जानकारी अनुसन्धान अधिकारी, सरकारी वकील र अदालत/न्यायिक निकायमा बयान र वकपत्रमा जानकारी गराउने ।
- कसूरको अनुसन्धानको क्रममा तयार गरिने विभिन्न लिखतहरूमा रोहवरमा र साक्षी बस्ने र घटना विवरण कागज गर्ने ।
- अपराध पीडितलाई तत्काल उद्धार, उपचार, राहत र पुर्नस्थापना गर्न सहयोग गर्ने ।
- मुद्दाको साक्षीको रूपमा रहेका व्यक्तिले अदालत/न्यायिक निकायमा तोकिएको दिनमा समयमा आई आफूले देखेको, जानेको र थाहा पाएको कुरा जानकारी गराई वकपत्र गर्ने ।
- अदालत/न्यायिक निकायबाट भएको फैसला कार्यान्वयनमा सहयोग गर्ने ।
- अनुसन्धान, अभियोजन र न्याय निरोपणका क्रममा अनुसन्धान अधिकारी, अभियोजनकर्ता र न्याय निरोपण गर्ने अधिकारी र न्यायधीशलाई अनुचित रूपमा आस, त्रास, दबाव र प्रभावमा पार्ने प्रयत्न नगर्ने ।

समुदायले थाहा जानकारी पाइराख्नु पर्ने कुराहरूः

- कसैले पनि कानून उल्लंघन गरेर कुनै कानूनी व्यवस्थाको जानकारी थिएन वा जानेको थिइन भन्न पाउँदैन ।
- कसैलाई पनि कुनै प्रकारको भेदभाव वा छुवाछुत गर्न पाईंदैन ।
- दश वर्ष भन्दा कम उमेरका बालबालिकालाई कुनै अपराधमा सजाय हुँदैन । मुद्दा लाग्दैन ।
- बालबालिकालाई सिकाएर कुनै अपराध गर्न लगाएमा वा त्यसरी अपराध भएमा सिकाउने वा अपराध गर्न लगाउनेलाई पनि सजाय हुन्छ ।
- कसैलाई पनि कानून बमोजिम बाहेक थुनामा राख्न पाइदैन ।
- कसैलाई पनि यातना दिन पाईंदैन । पक्राउ परेका व्यक्तीलाई कुटपिट गर्न वा कुनै किसिमको यातना दिने गर्न हुँदैन ।
- अपराधको सूचना दिनु सबैको कर्तब्य हो । नजिकको प्रहरी कार्यालयमा वा सम्बन्धित अनुसन्धान गर्ने निकायमा यस्तो सूचना दिनुपर्छ ।
- अपराधको बारेमा आफूलाई थाहा जानकारी भएको साँचो कुरा अनुसन्धानको क्रममा अनुसन्धान अधिकारी र अदालत/अर्धन्यायिक निकायमा बयान/वकपत्रमा भन्नुपर्छ ।
- अपराध पीडितलाई उद्धार गर्न, उपचार गर्न र पुर्नस्थापना गर्न सहयोग गर्नुपर्छ ।

- साक्षीको रूपमा रहेका व्यक्तिले अपराधको बारेमा आफूलाई थाहा जानकारी भएको कुरा अदालत/अर्धन्यायिक निकायमा तोकिएको दिनमा गएर बकपत्र गरिदिनु पर्छ ।
- सुनेर जानेको वा थाहा पाएको कुरा प्रमाण होइन ।
- असमर्थ पक्षलाई कानून बमोजिम निशुल्क कानूनी सहायता पाउने हक हुन्छ ।
- अपराध पीडितलाई आफू पीडित भएको मुद्दामा भएको अनुसन्धानको र अदालतमा भएको न्यायिक काम कारवाहीको जानकारी पाउने हक हुन्छ ।
- प्रत्येक अपराध पीडितलाई अभियुक्तलाई लगाइएको अभियोगको बारेमा वा अभियोग नलगाइएको अवस्थामा त्यसको आधार र कारणको बारेमा जानकारी पाउने हक हुन्छ ।
- अपराध पीडितलाई कानून बमोजिम मुद्दाको कारवाही प्रक्रियामा सहभागी हुन पाउने, सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुन्छ ।
- नेपाल सरकार वादी हुने मुद्दामा अपराधको सूचना दिने व्यक्ति सरकारी गवाह (साक्षी) हुन्छ ।
- अदालत/मुद्दा हेर्ने निकायबाट दोषी ठहर नहुँदासम्म अभियुक्तलाई निर्दोष मान्नुपर्छ ।
- आफू विरुद्ध लागेको कसूरको प्रतिरक्षा गर्न कानून व्यवसायी राख्न असमर्थ अभियुक्तलाई राज्यद्वारा निशुल्क कानूनी सहायता एवं प्रतिरक्षा उपलब्ध हुन्छ । यसका लागि वैतनिक वकीलको व्यवस्था गरिएको हुन्छ ।

धन्यवाद ।

दोस्रो कार्यपत्र

२ अपराधको प्रवृत्ति र विश्लेषण

प्र.ना.उ. होम बहादुर पराजुली
इलाका प्रहरी कार्यालय, तुलसीपुर, दाङ
२०८२।८।१६

नेपाल प्रहरी परिचय

**Mission**

अपराध नियन्त्रण र अनुसन्धानद्वारा समाजमा शान्ति स्थापना गरी मानव अधिकारको संरक्षणमा प्रतिबद्ध राष्ट्रप्रति समर्पित स्वच्छ प्रहरी सेवा


**Motto**

सत्य, सेवा, सुरक्षणम्

प्रमुख कार्यहरू

- शान्ति सु-व्यवस्था कायम राख्ने
- अपराधको रोकथाम र अनुसन्धान
- नागरिकको जीउ, धन र मौलिक हक अधिकारको रक्षा गर्ने
- ट्राफिक व्यवस्थापन
- विशिष्ट व्यक्ति र महत्वपूर्ण स्थानहरूको सुरक्षा
- विपद्को अवस्थामा उद्दार
- मानब अधिकारको प्रत्याभूति

अपराध



दाङ जिल्लामा अपराधको प्रवृत्ति

जिल्लाको अपराधको विवरण (तीन बर्षिय)

| आर्थिक वर्ष | मुद्दा दर्ता संख्या |
|---|---|
| २०७९।८० | १२०१ |
| २०८०।८१ | १२७६ |
| २०८१।८२ | ११८१ |

जिल्लाको अपराधको किसिम र दर्ता

| अपराध शीर्षक | ०७९।०८० | ०८०।०८१ | ०८१।०८२ |
|---|---|---|---|
| | दर्ता | दर्ता | दर्ता |
| कर्तब्य ज्यान | ९ | २० | १० |
| खुन डाँका | | | |
| ज्यान मार्ने उद्योग | ४० | ३२ | १८ |
| अपहरण गरी ज्यान मार्ने उद्योग | १ | १ | |
| डाँका चोरी/ज्या.मा.उ. | १ | २ | |
| ज.ज.क.उ. डाँकाचोरी | | १ | |
| गर्भपतन/गर्भ संरक्षण सम्बन्धी कसूर | | १ | |
| भवितब्य ज्यान | १०३ | ५५ | ७१ |
| चटयाङ लागि भवितब्य ज्यान करेन्ट लागि | २ | ८ | ५ |
| फुटकर ज्यान | ५४ | ५७ | ६३ |
| ज्यान सम्बन्धी | १ | ५ | १२ |
| गौवध | १ | | |
| वेवारिसे ज्यान | ७ | ७ | २ |
| झुण्डी आत्महत्या | १७३ | १५६ | १७४ |
| आत्महत्या गर्न दुरुत्साहन गरेको | ८ | ८ | ३ |
| विष सेवन गरी आत्महत्या | ३५ | ४३ | ४२ |
| पानीमा डुबेर भवितब्य ज्यान | ९ | ४३ | १० |
| औजार तथा हातहतियारबाट आत्महत्या | | १ | २ |
| हाम फालेर आत्महत्या | ३ | | |
| डाँका चोरी | ११ | १० | ११ |
| साधारण चोरी | ८९ | ५४ | ८३ |
| जबरजस्ती चोरी | | २ | |

| | | | |
|---|---|---|---|
| नकवजनी चोरी | ९ | १८ | ३ |
| चौपाय चोरी | ५ | ३ | |
| सवारी चोरी | ८ | १४ | ६ |
| चोरी उद्योग | ६ | | ३ |
| जुवा | ४ | ३ | २२ |
| ठगी | २१ | २६ | २९ |
| लागु औषध ब्राउन सुगर | ५५ | ४० | ८३ |
| लागु औषध नाईट्राजेपाम,मनोद्विप पदार्थ | | ६ | १५ |
| लागु औषध गाँजा | ३ | ३ | ५ |
| लागु औषध चरेश(अफिम) | १ | ३ | ३ |
| अपहरण तथा शरिर बन्धक | ४ | | ३ |
| व्यक्ति वेपत्ता | ३ | | १ |
| हातहतियार खरखजाना | ३ | १ | ८ |
| अपराधिक लाभ लिएको(हनिट्र्याप समेत) | २ | ८ | |
| नागरिकता सम्बन्धी | २ | २ | |
| आफ्नो संरक्षणमा रहेको व्यक्ति फाल्न नहुने | १ | | |
| कुटपिट अङ्गभङ्ग | ० | १ | १ |
| जातिय भेदभाव तथा छुवाछुत | १ | १ | |
| सरकारी छाप र दस्तखत किर्ते | १ | २ | |
| सार्वजनिक हित,स्वास्थ्य सुरक्षा,सुविधा नैतिकता विरुद्धका कसूर | ६ | | |
| सार्वजनिक शान्ति विरुद्धको कसूर | १२२ | ९३ | ३६ |
| आपराधिक उपद्रव | १२ | ८ | |
| अभद्र व्यवहार | ९६ | १११ | १३५ |
| मानव बेचविखन तथा ओसारपसार | ४ | | १ |
| वहुबिवाह | ४१ | २३ | ९ |
| वाल विबाह | ३ | ५ | |
| जबरजस्ती करणी | ८० | ९३ | ५९ |
| शरिर बन्धक ज.ज.क. | ३ | | |
| बालयौन दुरुपयोग | १२ | ५ | ११ |
| यौन दुर्व्यहार | १ | | |
| जबरजस्ती करणी उद्योग | ११ | १३ | ५ |

| | | | |
|---|---|---|---|
| अप्राकृतिक मैथुन | २ | | |
| नकवजनी चोरी तथा ज.ज.क.उ. वाट ज.क. | १ | | |
| बोक्सीको आरोप | २ | | |
| जबरजस्ती करणी,अपहरण,मानव वेचविखन | | २ | |
| सवारी ज्यान | ५० | ६५ | ६४ |
| सवारीबाट भवितव्य ज्यान | ५ | १४ | १६ |
| सवारी अङ्गभङ्ग | | १ | ६ |
| विष्पोटक पदार्थ | | | १ |
| बम विष्फोटन | | | |
| सामुहिक जबरजस्ती करणी | १ | ४ | ३ |
| अपहरण तथा जबरजस्ती करणी | | २ | |
| पशुपन्छी सम्वन्धी कसूर | ३ | १ | ३ |
| पशु करणी | | | |
| दुरसंचार कसूर तथा टेलिफोन तार चोरी | | | |
| बैंकिङ्ग कसूर | ६२ | १७२ | १११ |
| परीक्षा तथा शिक्षा ऐन | | १ | |
| लिखत सम्बन्धी | १ | २ | |
| हात हतियार खरखजाना तथा ज्यान मार्ने उद्योग | १ | | |
| हाडनातामा जवरजस्ती करणी | १ | ६ | ४ |
| अपहरण तथा डाँका चोरी | | | |
| हाडनातामा जबरजस्ती करणी उद्योग | | २ | ३ |
| आत्महत्या गर्ने दुरुत्साहन उद्योग | १ | | |
| गर्भपतन  उद्योग | १ | | |
| गर्भपतन | | १ | |
| बिद्युतीय ईलेक्ट्रिकल्स कारोवार | | १ | |
| मुद्रा सम्बन्धी | | २ | १ |
| अनुचित लेनदेन | | | २४ |
| बिद्युतीय सम्बन्धी कसूर | | १२ | १ |
| जम्मा | १२०१ | १२७६ | ११८१ |

| तुलसीपुर इप्रकाको पञ्चवर्षीय अपराध विवरण | | | | | | |
|---|---|---|---|---|---|---|
| सि. न. | मुद्दा शिर्षक | आ.व. | | | | |
| | | ०७८।०७९ | ०७९।०८० | ०८०।०८१ | ०८१।०८२ | ०८२।०८३ |
| १. | कर्तव्य ज्यान | ६ | ४ | ७ | ५ | - |
| २. | ज्यान मार्ने उद्योग | २६ | १२ | १६ | १३ | ८ |
| ३. | विभिन्न भवितब्य ज्यान | ३१ | ४४ | ४८ | ४० | १० |
| ४. | फुटकर ज्यान | २१ | १६ | २२ | २० | १२ |
| ५. | विष सेवन आत्महत्या | १३ | १४ | १७ | २६ | ४ |
| ६. | झुण्डी आत्महत्या | ६४ | ७० | ६० | ५७ | २४ |
| ७. | चोरी कसूर | २३ | ४१ | २५ | ३० | १३ |
| ८. | डाँका सम्वन्धी कसूर | २ | ९ | ४ | ७ | १ |
| ९. | नकवजनी चोरी | - | - | १० | १ | ३ |
| १०. | जुवा कसूर | ७ | २ | १ | १० | ५ |
| ११. | ठगी कसूर | १ | ३ | ३ | १० | - |
| १२. | अपहरण तथा शरिर बन्धक | २ | ३ | १ | २ | - |
| १३. | हातहतियार तथा खरखजाना | - | - | - | ४ | - |
| १४. | जबरजस्ती करणी | ३९ | ३३ | ४८ | २७ | ६ |
| १५. | जबरजस्ती करणी उद्योग | ८ | ५ | १२ | ६ | १ |
| १६. | सवारी ज्यान | २१ | १४ | २४ | १८ | ११ |
| १७. | सवारी अंगभंग | ३ | - | - | २ | - |
| १८. | लिखत सम्वन्धी कसूर | २ | - | २ | - | - |
| १९. | अभद्र ब्यवहार गरेको कसूर | ९४ | ८२ | १२२ | ८९ | ३२ |
| २०. | आपराधिक उपद्रव गरेको कसूर | - | १ | ५ | - | २ |
| २१. | सवारी भवितब्य ज्यान | ७ | १ | ७ | ५ | - |
| २२. | मा.वे.बि.तथा ओसारपसार | - | १ | १ | - | - |
| २३. | बहु बिवाह | १८ | १९ | १३ | २ | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २४. | वालबिवाह | - | १ | १ | - | - |
| २५. | ज्यान सम्वन्धी कसूर | १ | - | ३ | ३ | - |
| २६. | बालयौन दुरुपयोग | - | ४ | २ | १ | १ |
| २७. | कुटपिट अंगभंग | - | - | १ | - | - |
| २८. | लागू औषध गाँजा | २७ | १३ | ८ | २१ | ९ |
| २९. | आत्महत्या दुरुत्साहन | ८ | ६ | ६ | २ | ३ |
| ३०. | अप्राकृतिक मैथुन | १ | - | - | - | - |
| ३१. | अवैध गर्भपतन | - | १ | १ | - | - |
| ३२. | सार्वजनिक स्थानमा यौनक्रिया गर्न नहुने कसूर | - | - | - | - | - |
| ३३. | बैंकिङ्ग कसूर | - | - | ६६ | ३८ | ८ |
| ३४. | मुद्रा सम्बन्धी कसूर | - | - | २ | - | - |
| ३५. | विद्युतिय कारोवार सम्वन्धी कसूर | - | - | २ | १ | - |
| ३६. | पशु पन्छी करणी | - | १ | - | - | - |
| जम्मा | | ४२६ | ४०० | ५४० | ४४० | १५४ |

| महिला बालबालिका विरुद्ध हुने अपराधको त्रि-वर्षिय विबरण | | | | | |
|---|---|---|---|---|---|
| सि. | मुद्दा शिर्षक | आ.व. | | | कै. |
| न. | | ०७९।०८० | ०८०।०८१ | ०८१।०८२ | |
| १. | आत्महत्या | ६ | १९ | ९ | |
| २. | आत्महत्या दुरुत्साहन | १ | ४ | १ | |
| ३. | जबरजस्ती करणी | २६ | ४४ | २५ | |
| ४. | जबरजस्ती करणी उद्योग | ५ | १३ | ३ | |
| ५. | वालयौन दुरुपयोग | १ | २ | १ | |
| ६. | बहु-विवाह | १० | १३ | १ | |
| ७. | वालबिवाह | १ | - | - | |
| ८. | जातिय छुवाछुट | - | - | - | |
| ९. | बालवालिका सम्बन्धी कसूर | - | - | १ | |
| १०. | ज्यान सम्वन्धी कसूर | २ | १ | ३ | |

| घरेलु हिंसा सम्वन्धी त्रिवर्षीय विवरण | | | | | |
|---|---|---|---|---|---|
| सि. न. | घरेलु हिंसाको प्रकार | आ.व. | | | कै. |
| | | ०८०।०८१ | ०८१।०८२ | ०८२।०८३ | |
| १. | शारिरिक | १०० | १२६ | ४३ | |
| २. | मानसिक | ५६ | ४९ | २७४ | |
| ३. | आर्थिक | ७३ | ६३ | २८ | |
| ४. | शारिरीक/मानसिक | ८४ | ५० | १५ | |
| ५. | मानसिक/आर्थिक | ७९ | ५२ | ३ | |
| ६. | शारिरीक, मानसिक र आर्थिक | ५६ | ५३ | ८ | |
| जम्मा | | ४४८ | ३९३ | १२४ | |

| पीडितको उमेरको आधारमा भएको घरेलु हिंसा | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आ.व. | ०८०।०८१ | | | | ०८१।०८२ | | | | ०८२।०८३ | | | |
| उमेर | -१८ | १८-४० | ४१-५९ | ६० + | -१८ | १८-४० | ४१-५९ | ६० + | -१८ | १८-४० | ४१-५९ | ६० + |
| संख्या | ० | ३१० | १२१ | १७ | ० | १८७ | १६२ | ४४ | ० | ९४ | ३६ | ४ |

## अपराधको विश्लेषण

- ईप्रका, तुलसीपुरबाट जिल्लामा धेरै मुद्दाहरु चल्ने गरेको(करीब ५०%)
- ज्यान सम्बन्धि कसुर र आत्महत्या कसूरमा धेरै मुद्धा चल्ने गरेको,
- अभद्र व्यवहारको मुद्दा पनि धेरै देखिएकाले समाजमा कानुनि पालना कम भएको देखिएको,
- बैकिङ्ग कसुर र साईबर क्राइम पनि बढ्दो क्रममा रहेको,
- आर्थिक अपराधका घटनामा बृद्धि भएको,
- परिवार र आफन्तबाट नै अपराधमा संलग्न हुने गरेको,
- वीस वर्ष भन्दा कम उमेर समुहका व्यक्तिहरु सामाजिक अपराधमा संलग्न हुने गरेको,

हाम्रो प्रयास ...

- CPA (crime pattern analysis), Hotspot, (weeks, days, months, time) हरु बाट पनि विश्लेषण गरेर अपराध न्युनिकरण गर्ने प्रयास भएको ।
- महिला हिंसासम्बन्धी घटनाहरूमा शून्य सहनशीलता
- गहन तथा वस्तुनिष्ठ अनुसन्धान
- पीडितको उद्दार, उपचार तथा परामर्श पुनर्स्थापना
- पीडितलाई क्षतिपूर्ति
- पीडकलाई सजायँ
- छलफल तथा मिलापत्र
- अदालती प्रक्रियाबारे जानकारी दिने गरेको

समस्या तथा चुनौतिहरु

- अपराध र त्यसबाट हुने क्षतीको बारेमा जनचेतनाको कमीले गर्दा सामान्य किसिमले पनि अपराधिक गतिविधिले निरन्तरता पाईराख्नु ।
- अपराध रोकथाम तथा नियन्त्रणको लागि प्रहरीको मात्र काम कर्तव्य हो भन्ने सोच राखी सर्वसाधारण तथा अन्य निकायले चासो नदिनु ।
- पीडितको मानसिक अवस्थालाई विचार गरी मनोसामाजिक विमर्शका लागि आवश्यक मनोविमर्शकर्ता सबै स्थानमा उपलब्ध नहुनु ।
- लैङ्गिक संवेदनशिल कार्य र सेवा उपलव्धतामा कमी ।
- साधनश्रोतमा कमी ।
- सेवा प्रदायकमा पुर्वग्राही वा पुर्वमुल्यांकन ।
- लैङ्गिक मैत्री वातावरणको कमी ।
- समयमै उजुरी नदिने प्रवृत्ति,
- सूचना र प्रविधिको सशक्तिकरण र आधुनिकिकरणको दुरुपयोग,
- समाजमा असमानता,
- आर्थिक लोभलालचमा पर्ने,
- तत्कालको फाइदा हेर्ने प्रवृत्ति,
- आर्थिक र सामाजिक परनिर्भरता, आदि ।

भावी कार्यदिशा

- समुदाय लक्षित कार्यक्रम,
- विद्यालय कार्यक्रम,
- क्षमता अभिबृद्धि कार्यक्रम,
- निरन्तर अनुगमन तथा कार्यक्रम,
- उत्प्रेरणा केन्द्रित कार्यक्रम,

- समन्वय र सहकार्य ।

**इ.प्र.का. तुलसीपुरको अनुरोध**

समाजमा शान्ति सुरक्षा तथा अमनचयन कायम राख्न समयमै सूचना प्राप्त हुनु अत्यन्त महत्वपुर्ण रहेको हुँदा आपराधिक गतिविधिहरू भएगरेमा वा हुन लागेमा तुरुन्त प्रहरीको हटलाइन नं. १०० वा तल दिइएका नं. हरूमा सम्पर्क गर्नुहोस् ।

जिल्ला प्रहरी कार्यालय दाङ, ०८२-५६०१९९,९८५७८३४८८२

ईलाका प्रहरी कार्यालय तुलसीपुर ०८२५२००२०,९८५७८२३५८७

तेस्रो कार्यपत्र

३ लैङ्गिक हिंसाको परिचय र महिला माथि हुने कसूरलाई दण्डनीय बनाउन मुलुकी अपराध संहितामा भएको व्यवस्थाहरु

निमित्त सहन्यायाधिवक्ता नगेन्द्र लम्साल
उच्च सरकारी वकील कार्यालय, तुलसीपुर
२०८२।८।१६

लैङ्गिक हिंसा

- लिङ्गका आधारमा शक्तिशालीबाट कमजोरमाथि गरिने भेदभावपूर्ण व्यवहार नै लैङ्गिक हिंसा हो ।
- लैङ्गिक हिंसा भन्नाले सार्वजनिक वा निजी जीवनमा लिङ्गको आधारमा कसै प्रति शारीरिक, मानसिक वा यौनजन्य क्षति वा पींडा पुर्याउने कार्यहरुलाई जनाउँछ।
- लिङ्गका आधारमा हुने कुनै पनि प्रकारका अपमानजनक, पीडाजन्य वा धम्कीपूर्ण व्यवहार, दवाव, करकाप वा स्वेच्छाचारी रुपमा महिला, पुरुष वा तेस्रो लिङ्गीलाई स्वतन्त्रताको उपभोग गर्नबाट बञ्चित गर्ने कुनै पनि कार्य यस भित्र पर्छ ।
- लैङ्गिक हिंसाबाट महिला, पुरुष वा अन्य लिङ्गी जो कोही पनि पीडित हुन सक्छ ।
- हाम्रो सामाजिक संरचनामा शिक्षा, स्वास्थ्य, रोजगार, सम्पत्ति, निर्णय प्रकृयामा महिलाको कम पहुँच छ । त्यसैगरी श्रोत परिचालन, शक्तिको प्रयोगमा महिलाको कम अवसर छ । पुरुष प्रधान पारिवारिक संरचनामा पुरुषको नियन्त्रण बढी हुन्छ । त्यसैले लैङ्गिक हिंसाबाट बढी महिला पीडित हुने गरेका छन् ।
- तर लैङ्गिक हिंसा भनेको महिला माथि हुने हिंसा मात्र भने होइन ।

हिंसाका स्वरुपहरु

- शारीरिक हिंसा
- मानसिक हिंसा
- सामाजिक सांस्कृतिक हिंसा
- यौन हिंसा
- आर्थिक हिंसा

लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान

२५ नोभेम्बरदेखि १० डिसेम्बर, २०२५ (२०८२ मंसिर ९ गते देखि मंसिर २४ गते सम्म)

अन्तर्राष्ट्रिय नारा

"UNITE TO END DIGITAL VIOLENCE AGAINST ALL WOMEN AND GIRLS"

राष्ट्रिय नारा

"प्रविधिको सही प्रयोग गरौं: लैङ्गिक हिंसा अन्त्य गरौं"

**लैङ्गिक विभेद उन्मुलन गर्न संविधानमा भएको व्यवस्था**

**धारा १८ समानताको हकः**

(१) सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन्। कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित गरिने छैन ।

**धारा ३८ महिलाको हकः**

(१) प्रत्येक महिलालाई लैंगिक भेदभाव विना समान वंशीय हक हुनेछ ।

(२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ ।

(३) महिला बिरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

(४) राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ ।

(५) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।

(६) सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पत्तीको समान हक हुनेछ ।

**महिला माथि हुने हिंसात्मक अपराधलाई दण्डनीय बनाउन भएका कानूनी व्यवस्थाहरुः**

- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४
- घरेलु हिसा (कसूर र सजाय) ऐन, २०६६
- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१
- बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२
- मुलुकी अपराध संहिता, २०७४

**मुलुकी अपराध संहिता, २०७४ को परिचय**

- मुलुकी अपराध संहिता, २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ सम्बन्धी कानूनहरु २०७५ साल भाद्र १ गतेबाट लागू हुने गरी २०७४ साल असोज ३० गते प्रमाणिकरण र नेपाल राजपत्रमा प्रकाशित ।
- मुलुकी अपराध संहिताले कसूरलाई परिभाषित गरेको, मुलुकी फौजदारी कार्यविधि संहिताले अनुसन्धान, अभियोजन र मुद्दाको कारवाही सम्बन्धी कार्यविधिगत व्यवस्था गरेको र फौजदारी कसूर सजाय निर्धारण तथा कार्यान्वयन ऐनले सजाय निर्धारणको वेग्लै सनुवाई तथा सजाय निर्धारण र कार्यान्वयनका सम्बन्धमा विविध व्यवस्था गरेको।

मुलुकी अपराध संहितामा कसूरको परिभाषा

- दफा ३ (ग) मा "कसूर" भन्नाले यस ऐन वा कानून बमोजिम सजाय हुने काम सम्झनु पर्छ ।
- दफा ३ (च) मा "गम्भीर कसूर" भन्नाले तीन वर्षभन्दा बढी दश वर्षसम्म कैद सजाय हुने कसूर सम्झनु पर्छ ।
- दफा ३ (छ) मा "जघन्य कसूर" भन्नाले जन्मकैद वा दश वर्षभन्दा बढी कैद सजाय हुने कसूर सम्झनु पर्छ ।

मुलुकी अपराध संहितामा सजायका प्रकार

दफा ४० को उपदफा (१) मा कसूरको गम्भीरता अनुसार सजायको ब्यवस्था गरेको

(क) जन्म कैद,

(ख) कैद,

(ग) जरिबाना,

(घ) कैद र जरिबाना,

(ङ) क्षतिपूर्ति,

(च) जरिबाना वा क्षतिपूर्ति नतिरे बापतको कैद,

(छ) कैदको सट्टा सुधार गृह वा सामुदायिक सेवा ।

**महिलामाथि हुने कसूरलाई दण्डनीय बनाउन मुलुकी अपराध सहितामा भएको व्यवस्थाहरु**

कसूरदारलाई हतोत्साहित गर्ने व्यवस्थाहरु

- नेपाली नागरिक विरुद्ध अङ्गभङ्ग गरेको कसूर दफा २(३)(ग), दफा १९२क. तेजाब प्रयोग गरी अङ्गभङ्ग गर्न नहुने कसूर दफा २(३)(ग१), अपहरण, शरीर बन्धक वा गैरकानूनी थुनामा राखेको कसूर दफा २(३)(घ), जवरजस्ती करणी वा हाडनाता करणीको कसूर लगायतका केही कसूर नेपाल बाहिर गरेको भए पनि नेपाल भित्रै कसूर गरेको मानी सजाय हुन सक्ने ।दफा २(३)(ङ)
- जवरजस्ती करणीको कसूरबाट पीडित महिलालाई समेत निजी रक्षाको अधिकार प्राप्त हुने । दफा २६(२) (ख)
- जवरजस्ती करणी गरी ज्यान मारेको कसूरमा कसूरदार जीवित रहेसम्म कैद हुने व्यवस्था रहेको । दफा ४१ (च)

मुलुकी अपराध संहितामा भएको ब्यवस्थाहरु

- सार्वजनिक स्थानमा महिला र बालबालिकासमेतलाई हातपात वा हैरानी गर्न वा त्यसको उद्योग गरेमा कसूर गर्ने वा गराउनेलाई १ वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने । दफा ११८ । हानि नोक्सानी बापत दफा १२७ मा क्षतिपूर्तिको ब्यवस्था ।

- लिङ्ग, वैवाहिक स्थिति र गर्भावस्थासमेतका आधारमा भेदभावपूर्ण व्यवहार गरेमा कसूर गर्ने वा गराउनेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय । दफा १६०
- दास वा कमारा, कमारी बनाउन, राख्न, काममा लगाउन वा सो सरहको अन्य कुनै पनि व्यवहार गर्न वा गराउन नहुने । कसूर गरेमा पाँच वर्षदेखि दश वर्षसम्म कैद र पचास हजारदेखि एक लाख रुपैयाँसम्म जरिवाना हुने । दफा १६३
- दफा १६८(३) मा महिलाको रजस्वला वा सुत्केरीको अवस्थामा छाउपडीमा राख्न वा त्यस्तै अन्य कुनै किसिमका भेदभाव, छुवाछुत वा अमानवीय व्यवहार गर्नु वा गराउनु हुँदैन । दफा १६८(४) मा कसूर गर्ने व्यक्तिलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय । दफा १६८ (५) मा राष्ट्रसेवकले यस दफामा लेखिएको कसूर गरेमा निजलाई थप तीन महिनासम्म कैद सजाय हुने।
- विवाह गर्ने व्यक्तिहरुको मञ्जुरी बिना विवाह गराईएमा विवाह बदर भई कसूर गर्नेलाई दुई वर्ष सम्म कैद र बीस हजार रुपैयाँसम्म जरिवाना हुने । दफा १७१
- परम्परा अनुसार चली आएको अवस्थामा बाहेक हाडनाता करणीमा सजाय हुने नातामा विवाह गर्न वा गराउने कार्य गरेमा विवाह थाहा नपाई भएकोमा विवाह बदर हुने तथा जानी जानी भएको रहेछ भने त्यस्तो विवाह गर्नेलाई हाडनाता करणीको कसूरमा हुने सजाय र गराउनेलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने र त्यस्तो विवाह स्वतः बदर हुने ।दफा १७२
- विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी विवाह गर्न वा गराउन नहुने । उक्त विवाह बाल विवाह हुने र भएको विवाह स्वतः बदर हुने । कसूर गर्नेलाई तीन वर्ष सम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुने । दफा १७३
- आफ्नो परम्परादेखि चली आएको सामान्य उपहार, भेटी, दक्षिणा वा शरीरमा लगाएको एकसरो गहना बाहेक विवाह गर्ने दुलाहा दुलहीका तर्फबाट कुनै किसिमको माग गरी वा लेनदेन शर्त राखी विवाह गर्न वा गराउन हुँदैन । कसूर गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने। दफा १७४ (१) र (२) ।
- कसैले विवाह गरी सकेपछि चल, अचल सम्पत्ति वा दाइजो माग गर्न वा चल, अचल सम्पत्ति वा दाइजो नदिएको कारणले दुलही वा निजका नातेदारलाई हैरान पार्न, सताउने वा कुनै अमानवीय वा अपमानजनक व्यवहार गर्न नहुने । कसूर गरेमा ५ वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने । दफा १७४ (३) र (४) ।

- विवाहित पुरुषले वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा अर्को विवाह गर्न नहुने। कुनै पुरुष विवाहित हो भन्ने जानी जानी त्यस्तो पुरुषसँग कुनै महिलाले विवाह गर्न नहुने । पति पत्नीले कानून बमोजिम अंशवण्डा गरी भिन्न भएमा पुरुष वा महिलाले पुनः विवाह गर्न सक्ने । कसूर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षदेखि पाँच वर्षसम्म कैद र दश हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना हुने । विवाह स्वतः बदर हुने । दफा १७५
- कसैले कसैलाई आत्महत्याको दुरुत्साहन दिन वा त्यस्तो काम गर्नेसम्मको परिस्थिति खडा गर्न वा गराउन नहुने । कसूर गरेमा ५ वर्षसम्म कैद र ५० हजार सम्म जरिवाना हुने - दफा १८५ ।

**महिलाको प्रजनन अधिकार सुरक्षित गर्न अपराधिकरण गरिएका विषयहरु**

- गर्भवती महिलालाई करकाप गरी वा धम्की दिई वा ललाई फकाई वा प्रलोभनमा पारी गर्भपतन गराउन नहुने । दफा १८८(२) कसूर गर्ने वा गराउनेलाई अवधि अनुसार ५ वर्षसम्म कैद र रु ५० हजारसम्म जरिवाना हुने । दफा १८८(३)
- गर्भवती महिलाको ज्यान लिने उद्योग गर्दा महिला नमरी निजको गर्भमा रहेको पच्चीस हप्ता वा पच्चसीस हप्ता भन्दा बढी अवधिको गर्भपतन भएमा कसूरदारलाई यस संहिता वा अन्य कानून बमोजिमको सजायमा थप पाँच वर्षसम्म कैद हुने । ज्यान मार्ने उद्योगमा हुने सजायमा थप ५ वर्षसम्म कैद हुने । दफा १८८(५)
- गर्भवती महिला विरुद्ध कुनै रिसइवीले कुनै काम गर्दा गर्भपतन हुन गएमा गर्भपतन गर्ने नियतले त्यस्तो काम गरेको रहेनछ भने पनि अवधी अनुसार ५ वर्षसम्म कैद हुने । दफा १८८(६) ।
- गर्भपतन गराउने उद्देश्यले गर्भमा रहेको भ्रुणको लिङ्ग पहिचान गर्ने वा गराउनेलाई तीन महिनादेखि ६ महिनासम्म कैद । लिङ्ग पहिचान गरी गर्भपतन गर्ने वा गराउनेलाई दफा १८८(३) को सजायमा थप एक वर्षसम्म कैद । दफा १८८ (८) ।

**महिलाको स्वायत्तता सुरक्षित राख्न गरिएका व्यवस्थाहरु**

- गर्भवती महिलाको मञ्जुरीले १२ हप्तासम्मको गर्भ पतन गराएकोमा, गर्भपतन नगराएमा गर्भवती महिलाको ज्यानमा खतरा पुग्न सक्छ वा निजको शारीरिक वा मानसिक स्वास्थ्य खराब हुन सक्छ वा विकलाङ्ग बच्चा जन्मन्छ भनी इजाजत प्राप्त चिकित्सकको राय भई महिलाको मञ्जुरीले गर्भपतन गराएकोमा, जवरजस्ती करणी वा हाडनाता करणीबाट रहेको १८ हप्तासम्मको गर्भ गर्भवती महिलाको मञ्जुरीले गर्भपतन गराएकोमा र रोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जिवाणु (एच.आई.भि.) वा त्यस्तै प्रकृतिको अन्य निको नहुने रोग शरीरमा भएकी महिलाको मञ्जुरीले गर्भपतन गराएकोमा कसूर नमानिने । दफा १८९

महिलाको संवेदनशील अंगमा शारीरिक क्षति पुर्याएमा

- महिलाको स्तनकाटी दिएमा वा महिलालाई बाझोपन बनाएमा अङ्गभङ्गको कसूर मानी १० वर्षसम्म कैद र १ लाख सम्म जरिवाना हुने । दफा १९२

महिलालाई लक्षित गरी हुने अपराधमा कठोर सजायको व्यवस्था

- तेजाब प्रयोग गरी अङ्गभङ्ग गरेमा । अवस्था अनुसार बीस वर्ष कैद र दश लाख रुपैयाँ जरिवाना, पन्ध्र वर्षदेखि बीस वर्षसम्म कैद र सात लाख रुपैयाँदेखि दश लाख रुपैयाँसम्म जरिवाना, सात वर्षदेखि दश वर्षसम्म कैद र पाँच लाख रुपैयाँदेखि सात लाख रुपैयाँसम्म जरिवाना, पाँच वर्षदेखि सात वर्षसम्म कैद र एक लाख रुपैयाँदेखि तीन लाख रुपैयाँसम्म जरिवाना । दफा १९२ क (उपदफा १ देखि ६)
- तेजाब प्रयोग गरी अङ्गभङ्गको कसूरको पीडितले जरिवाना बापत प्राप्त पूरै रकम पीडितलाई क्षतिपूर्ति बापत दिनुपर्ने । दफा १९२ क (७)
- पीडित व्यक्तिलाई भएको शारीरिक र मानसिक पीडा र अङ्गभङ्गको गम्भीरता तथा जरिवाना रकम समेत विचार गरी सजाय निर्धारण गर्दा मनासिब क्षतिपूर्ति भराउनु पर्ने । दफा १९२ क (८)
- ज्वलनशील, जैविक वा विषालु पदार्थ प्रयोग गरी कुरुप पार्ने कसूरदारलाई अनुहार कुरुप पारेमा ५ वर्ष देखि ८ वर्षसम्म कैद र १ लाख देखि ५ लाखसम्म जरिवाना र शरीरको अन्य अङ्ग कुरुप पारेमा वा शरीरमा पीडा पुर्याएमा तीन वर्षदेखि पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँदेखि तीन लाख रुपैयाँसम्म जरिवाना हुने । दफा १९३ (२) ।
- उक्त कसूरमा जरिवाना बापत प्राप्त पुरै रकम पीडितलाई क्षतिपूर्ति वापत दिनु पर्ने। दफा १९३ (३) ।

कठोर सजायको व्यवस्था

दफा २१९ जबर्जस्ती करणी गर्न नहुने

(१) कसैले जवर्जस्ती करणी गर्न हुँदैन ।

(२) कसैले कुनै महिलालाई निजको मञ्जुरी नलिई करणी गरेमा वा मञ्जुरी लिएर भए पनि अठार वर्ष भन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालिकालाई जबर्जस्ती करणी गरेको मानिनेछ ।

स्पष्टिकरणः यस परिच्छेदको प्रयोजनको लागिः

(क) करकाप, अनुचित प्रभाव, डर, त्रास, झुक्यानमा पारी वा अपहरण गरी वा शरीर बन्धक लिई लिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

स्पष्टिकरणः यस परिच्छेदको प्रयोजनको लागिः

(ख) होस ठेगानमा नरहेको अवस्थामा लिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन,

(ग) गुदद्वार वा मुखमा लिङ्ग पसाएमा, गुदद्वार, मुख वा योनीमा लिङ्ग केही मात्र पसेको भएमा, लिङ्ग बाहेक अन्य कुनै वस्तु योनीमा प्रवेश गराएमा पनि जवर्जस्ती करणी गरेको मानिनेछ ।

(३) जवर्जस्ती करणी गर्ने व्यक्तिलाई त्यसरी करणी गर्दाको परिस्थिति र महिलाको उमेर हेरी देहाय बमोजिम कैद हुनेछ:

(क) दश वर्षभन्दा कम उमेरकी बालिका, पूर्ण अशक्त, अपाङ्गता भएका वा सत्तरी वर्षभन्दा बढी उमेरका महिला भए जन्म कैद,

(ख) दश वर्ष वा दश वर्षभन्दा बढी चौध वर्षभन्दा कम उमेरकी बालिका भए अठार वर्षदेखि बीस वर्षसम्म,

(ग) चौध वर्ष वा चौध वर्षभन्दा बढी सोह्र वर्षभन्दा कम उमेरकी बालिका भए बाह्र वर्ष देखि चौध वर्षसम्म,

(घ) सोह्र वर्ष वा सोह्र वर्षभन्दा बढी अठार वर्षभन्दा कम उमेरकी महिला भए दश वर्षदेखि बाह्र वर्षसम्म,

(ङ) अठार वर्ष वा अठार वर्षभन्दा बढी उमेरकी महिला भए सात वर्षदेखि दश वर्षसम्म।

(३क) जवर्जस्ती करणी गर्ने व्यक्तिलाई उपदफा (३) बमोजिमको कैद सजायको अतिरिक्त देहाय बमोजिमको जरिवाना समेत हुनेछ र त्यस्तो जरिवाना बापत प्राप्त सबै रकम प्रचलित कानून बमोजिम स्थापना भएको पीडित राहत कोषमा जम्मा गरिनेछ:

(क) उपदफा (३) को खण्ड (क) वा (ख) बमोजिम कैद सजाय हुने कसूरदारलाई सात लाख रुपैयाँ जरिवाना,

(ख) उपदफा (३) को खण्ड (ग) वा (घ) बमोजिम कैद सजाय हुने कसूरदारलाई पाँच लाख रुपैयाँ जरिवाना,

(ग) उपदफा (३) को खण्ड (ङ) बमोजिम कैद सजाय हुने कसूरदारलाई तीन लाख रुपैयाँ जरिवाना,

- वैवाहिक सम्बन्ध रहेको अवस्थामा पतिले पत्नीलाई जबर्जस्ती करणी गरेमा पाँच वर्ष सम्म कैद हुने ।दफा २१९ (४)
- प्रतिरोधक क्षमता ह्रास गर्ने जिवाणु (एच.आई.भि. पोजिटिभ) वा सरुवा यौनरोग भएको थाहा पाउँदा पाउँदै कसैले जबर्जस्ती करणी गरेको रहेछ भने त्यस्तो कसूरदारलाई उपदफा (३) मा लेखिएको सजायमा थप सजाय हुने ।दफा २१९(६)

(क) एच.आई.भि. पोजिटिभ भएको थाहा पाउँदा पाउँदै जबर्जस्ती करणी गरेमा दफा १०५ बमोजिमको सजाय, (दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिवाना) दफा २१९(६)

(ख) अन्य सरुवा यौन रोग भएको थाहा पाउँदा पाउँदै जबर्जस्ती करणी भएको भए तीन वर्ष कैद र तीस हजार रुपैयाँ जरिवाना । दफा २१९ (६)

- सामूहिक रुपमा जवर्जस्ती करणी गरेमा वा ६ महिना भन्दा बढीको गर्भवती, अशक्त वा अपाङ्ग वा शारीरिक वा मानसिक रुपमा अस्वस्थ महिलालाई वा

हातहतियार देखाई जवर्जस्ती करणी गरेमा उपदफा (३) मा लेखिएको सजायमा थप पाँच वर्षसम्म कैद सजाय हुने । दफा २१९ (७)

- कसैले हाडनाताकी महिलालाई जबर्जस्ती करणी गरेकोमा निजलाई हाडनाता करणीमा हुने सजाय समेत थप हुने ।
- हाडनातामा करणी गरेमा नाता सम्बन्ध हेरी अधिकतम जन्मकैद देखि न्यूनतम एक वर्षदेखि तीन वर्षसम्म कैद र दश हजार रुपैयाँदेखि तीस हजार रुपैयाँसम्म जरिवाना। दफा २२० अदालतमा कारबाहीका लागि व्यक्तिले मुद्दा दिनुपर्ने। क्षतिपूर्तिको ब्यवस्था नभएको ।
- यौन दुर्व्यवहार गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना । अदालतमा कारबाहीका लागि पीडितले मुद्दा दिनुपर्ने ।क्षतिपूर्तिको ब्यवस्था भएको। दफा २२४ ।
- बालबालिकालाई बालयौन दुरुपयोग गरेमा तीन वर्ष सम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुने ।दफा २२५
- बालबालिकालाई अप्राकृतिक मैथुन गरेमा दफा २१९ को जबरजस्ती करणीको सजाय बमोजिम सजाय हुने । दफा २२६ (३)
- कसैले कसैको मञ्जुरी बिना अप्राकृतिक मैथुन गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुने । अदालतमा कारबाहीका लागि पीडितले मुद्दा दिनुपर्ने ।क्षतिपूर्तिको ब्यवस्था भएको । दफा २२६ (१) र (२) ।
- करणी सम्बन्धी कसूर भएपछि पीडित वा पीडितको परिवारलाई कुनै प्रकारको डर, धाक, धम्की दिई वा करकापमा पारी कुनै किसिमको लेनदेन गरी वा नगरी त्यस्तो कसूरमा उजुरी नगर्न, जाहेरी नदिन वा अदालतमा उपस्थित नहुन मञ्जुर गराउन वा कसूर गर्ने व्यक्ति र पीडित वा पीडितको परिवारको सदस्यबीच मेलमिलाप वा मिलापत्र गराउन वा त्यसको लागि दबाव दिन वा प्रभावमा पारेमा कसूर गर्ने गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुने । दफा २२७ 'क' (१) र (२) ।
- सार्वजनिक पद धारण गरेको व्यक्तिले करणी सम्बन्धी कसूरमा मिलापत्र गराउने कार्यमा दफा २२७ 'क' (१) को कसूर गरेमा दफा २२७ 'क'(२) मा हुने सजायमा थप ६ महिना कैद सजाय हुने ।दफा २२७ 'क' (३)
- दफा २२९ मा परिच्छेद १८ को करणी सम्बन्धी कसूरमा हदम्याद सम्बन्धी व्यवस्था रहेको: (१) दफा २२० अन्तर्गतको हाडनातामा करणी गर्न नहुने कसूरमा जहिलेसुकै पनि उजुर गर्न सकिनेछ ।
- (२) दफा २१९,२२१,२२२,२२३,२२४,२२५,२२६ को उपदफा (३) र दफा २२७ क. को उपदफा (१) अन्तर्गतको कसूर बालबालिकाको विरुद्ध भएकोमा त्यस्तो बालबालिका अठार वर्ष पूरा भएको मितिले तीन वर्षभित्र, त्यस्तो कसूर पूर्ण

अशक्त अपाङ्गता भएका, सुस्त मनस्थिति भएका वा सत्तरी वर्षभन्दा बढी उमेर भएका व्यक्तिका विरुद्ध भएमा कसूर भएको मितिले तीन वर्षभित्र र अन्यको हकमा त्यस्तो कसूर भएको मितिले दुई वर्षभित्र र यस परिच्छेद अन्तर्गतको अन्य कसूरमा त्यस्तो कसूर भएको कुरा थाहा पाएको मितिले तीन महिना नाघेपछि उजुर लाग्ने छैन ।

- दफा २२९ हदम्यादः

  तर थुनामा रहेको वा नियन्त्रणमा लिएको वा अपहरण गरेको वा शरीर बन्धक लिएको व्यक्ति विरुद्ध कसूर भएकोमा थुना, नियन्त्रण अपहरण वा शरीर बन्धकबाट मुक्ति पाएको मितिले तीन महिना नाघेपछि उजुर लाग्ने छैन ।

चौथो कार्यपत्र

## ४ महिलासँग सरोकार राख्ने विशेष ऐनहरुमा कसूर सम्बन्धी भएको ब्यवस्था

निमित्त सहन्यायाधिवक्ता नगेन्द्र लम्साल
उच्च सरकारी वकील कार्यालय, तुलसीपुर
२०८२।८।१६

**महिला माथि हुने हिंसात्मक अपराधलाई दण्डनीय बनाउन भएका कानूनी ब्यवस्थाहरुः**

- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४
- घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६
- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१
- बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२

**मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४**

**मानव बेचबिखन गरेको मानिने दफा ४ (१)**

(क) कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने

(ख) कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने

(ग) प्रचलित कानून बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने

(घ) वेश्यागमन गर्ने

**मानव ओसारपसार गरेको मानिने दफा ४ (२)**

(क) किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने

(ख) वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबर्जस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरुपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरु कसैलाई दिने ।

(ग) प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै गैरकानूनी लाभ वा अन्य फाइदा लिने उद्देश्यले बदनियतपूर्वक कुनै नेपाली नागरिक, विदेशी वा आप्रवासी व्यक्तिलाई नक्कली वा झुट्टा कागजात बनाई वा झुक्याई विदेश लैजाने वा त्यस्तो व्यक्तिको आफ्नो मुलुक वा निज रहेको स्थान बाहेक अन्य मुलुकमा गैरकानूनी रुपमा प्रवेश गराउने मानव तस्करी सम्बन्धी कार्य गरे वा गराएमा ।

(घ) किन्ने वा बेच्ने उद्देश्यले कसैलाई नेपालको मार्ग प्रयोग गरी अर्को मुलुकमा पठाउने वा कुनै मुलुकमा पठाउने उद्देश्यको लागि नेपाल ल्याउने ।

- उजुरी (दफा ५): नजिकको प्रहरी कार्यालयमा उजुरी गर्न सकिने ।उजुर गर्ने व्यक्तिले आफ्नो नाम गोप्य राखिदिन लिखित अनुरोध गरेमा उजूर दर्ता गर्ने प्रहरी कार्यालयले निजको नाम गोप्य राखिने ।
- उजूर पीडित आफैले दिएमा प्रहरी कार्यालयले तत्काल बयान गराई बयान प्रमाणित गराउन जिल्ला अदालतमा उपस्थित गराउनुपर्ने । दफा ६

<u>सजायको व्यवस्था दफा १५</u>

- मानिस किन्ने वा बेच्नेलाई बीस वर्ष कैद र दुई लाख रुपैयाँ जरिवाना
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउनेलाई कसूरको मात्रा अनुसार दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना
- प्रचलित कानून बमोजिम बाहेक मानिसको कुनै अङ्ग झिक्नेलाई दश वर्ष कैद र दुई लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिवाना
- वेश्यागमन गर्नेलाई एक महिनादेखि तीन महिनासम्म कैद र दुई हजार रुपैयाँदेखि पाँच हजार रुपैयाँसम्म जरिवाना ।
- किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले मानिसलाई
  (१) विदेश लैजानेलाई दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना र बालबालिका लगेको भए पन्ध्र वर्षदेखि बीस वर्षसम्म कैद र एक लाख रुपैयाँदेखि दुईलाख रुपैयाँसम्म जरिवाना
  (२) नेपाल भित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई दश वर्ष कैद र पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना र बालबालिका लगेको भए दश वर्षदेखि बाह्र वर्षसम्म कैद र एक लाख रुपैया जरिवाना ।
- शोषण गर्ने उद्देश्यले दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिम नेपाल भित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई एक वर्षदेखि दुई वर्षसम्म कैद र विदेश लगेको भए दुई वर्षदेखि पाँच वर्षसम्म कैद,
- खण्ड (ङ) र (च) मा लेखिएदेखि बाहेक दफा ४ को उपदफा (२) को खण्ड (ख) वा खण्ड (ग) बमोजिमको कसूर गर्नेलाई सात वर्षदेखि दश वर्षसम्म कैद,
- मानव बेचबिखन वा ओसारपसारको कसूर गर्ने दुरुत्साहन, षडयन्त्र वा उद्योग गर्नेलाई वा सो कसूरको मतियारलाई सो कसूर गर्दा हुने सजायको आधा सजाय ।
- कसूर सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको भएमा कसूर गरे बापत हुने सजायको अतिरिक्त पच्चीस प्रतिशत थप सजाय हुने।
- कसूर आफ्नो संरक्षणमा वा अभिभावकत्वमा रहेको वा हाडनाता करणीको कसूर बमोजिम सजाय हुने व्यक्तिका सम्बन्धमा गरेको रहेछ भने निजलाई ऐनमा लेखिएको सजायको अतिरिक्त सजायको दश प्रतिशत थप सजाय हुने ।

- कसूर पुनः गरेमा प्रत्येक पटक कसूर गरे बापत सो कसूर गरेमा हुने सजायको एक चौथाई थप सजाय हुने।
- दफा ५ बमोजिम उजूर गर्ने व्यक्तिले आफूले एकपटक दिएको बयान विपरित हुने गरी मुद्दाको पुर्पक्षको सिलसिलामा कुनै बयान दिएमा, पहिले आफूले दिएको बयान वा सूचनाका आधारमा कसैका विरुद्ध कारबाही चलिसकेपछि सो सम्बन्धी सत्य तथ्य ढाँटेमा, नियतवस बयान परिवर्तन गरेमा, अदालतले बोलाएको समयमा उपस्थित नभएमा वा अदालतलाई सहयोग नगरेमा निजलाई तीन महिनादेखि एक वर्षसम्म कैद हुनेछ ।

- दफा १७ क्षतिपूर्तिः (१) अदालतले कसूरदारलाई भएको जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी निजबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराइदिनुपर्ने ।
- (१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसूरदारको न्यून आर्थिक हैसियत भएको वा अन्य कुनै कारणले कसूरदारबाट पीडितले क्षतिपूर्ति पाउन नसक्ने अवस्था देखिएमा प्रचलित कानून बमोजिम स्थापित पीडित राहत कोषबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराई दिने आदेश गर्न सक्नेछ ।
- दफा १८ को (१) मा कसैले यस ऐन अन्तर्गतको कसूरबाट कुनै चल अचल सम्पत्ति प्राप्त गरेको रहेछ भने त्यस्तो सबै सम्पत्ति जफत हुनेछ । दफा १८ को (२) मा कसैले यस ऐन अन्तर्गतको कसूर मानिने कार्य गर्न वा गराउनको लागि आफ्नो घर, जग्गा वा सवारी साधन जानी जानी प्रयोग गरेको वा प्रयोग गर्न दिएको प्रमाणित भएमा त्यस्तो घर, जग्गा वा सवारी साधन जफत हुनेछ।
- दफा २२ अभियोजन गर्दा सरकारी वकीलले अभियुक्तले नैतिक पतन देखिने फौजदारी कसूर गरेको हो भनी दाबी लिन सक्ने ।
- दफा २३ मा ऐन बमोजिमको कसूर नियन्त्रण गर्ने तथा पीडितलाई पुर्नस्थापना गर्ने सम्बन्धी कार्यमा सरकारी निकाय तथा गैरसरकारी संस्था बीच समन्वय समेत गर्नका लागि तोकिए बमोजिम नेपाल सरकारले एक राष्ट्रिय समिति र आवश्यकता अनुसार जिल्ला समिति गठन गर्न सक्नेछ ।
- दफा २४ मा अनुसन्धान तथा तहकिकात सम्बन्धी काम कारबाहीमा बाधा विरोध गर्नेलाई दश हजार रुपैयाँ सम्म जरिवाना ।
- दफा २५ प्रचार प्रसार गर्न नहुनेः (१) कसैले पनि पीडितको स्वीकृति नलिई निजको वास्तविक नाम, तस्विर वा निजको चरित्रमा प्रतिकूल हुने कुनै विवरण पत्रपत्रिकामा छाप्न वा अन्य सञ्चार माध्यमबाट प्रचार प्रसार गर्न हुँदैन । (२) उपदफा (१) बमोजिम नाम, तस्विर, विवरण छाप्ने वा प्रचार प्रसार गर्ने व्यक्तिलाई दश हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

- दफा २६ सुरक्षाको व्यवस्थाः दफा ५ बमोजिम उजूर गर्ने व्यक्तिले आफूले प्रहरीमा उजूर गरेको कारण वा अड्डा अदालतमा बयान वा साक्षीको रुपमा गरेको बकपत्र वा महिला मानव अधिकारको रक्षाको लागि खटिएका अधिकारकर्मीले पीडितलाई कुनै सहयोग उपलब्ध गराएको आधारमा कुनै प्रतिशोधात्मक कारबाहीमा पर्न सक्ने मनासिव कारण देखाई सुरक्षाको लागि नजिकको प्रहरी कार्यालयमा अनुरोध गरेमा त्यस्तो प्रहरी कार्यालयले निजलाई देहाय बमोजिमको कुनै वा सबै व्यवस्था गरिदिनु पर्नेछः

  (क) मुद्दाको कारबाहीको सिलसिलामा अड्डा अदालत आउँदा जाँदा सुरक्षा दिने,

  (ख) निश्चित अवधिसम्म प्रहरी सुरक्षामा राख्ने वा राख्न लगाउने,

  (ग) केन्द्रमा राख्ने ।
- बन्द इजलासमा कारबाही हुने । दफा २७
- सरकारवादी हुने ।दफा २८
- हदम्यादको सिमा नभएको ।

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५

- नियम ३ मा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिवको अध्यक्षतामा राष्ट्रिय समिति सम्बन्धी व्यवस्था ।
- नियम ६ मा प्रमुख जिल्ला अधिकारीको अध्यक्षमा जिल्ला समिति सम्बन्धी ब्यवस्था।
- नियम ७ मा जिल्ला समितिको काम, कर्तब्य र अधिकार अन्तर्गत उपदफा (१) को खण्ड (ख) मा स्थानीय स्तरमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी समितिहरुको गठन गरी परिचालन गर्ने लगायत रहेको ।

घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६

- घरेलु हिंसा भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनुपर्छ ।दफा २ (क)
- घरेलु सम्बन्ध भन्नाले बंशज, विवाह वा धर्मपुत्र वा धर्मपुत्री भएको वा संयुक्त परिवारको सदस्य, आश्रित वा कामदारको रुपमा एकै परिवारमा बसेका व्यक्तिहरुका बीचमा भएको सम्बन्ध सम्झनुपर्छ र सो शब्दले सँगै बसेका जोडी वा अंश लिई वा नलिई भिन्न बसेका पति वा पत्नीको सम्बन्ध समेतलाई जनाउँछ । दफा २ (ख)
- ऐनले शारीरिक यातना, मानसिक यातना, यौनजन्य यातना र आर्थिक यातना बारे दफा २ को परिभाषा खण्डमा उल्लेख ।
- पीडित भन्नाले पीडकसँग घरेलु सम्बन्ध भै निजद्वारा गरिएको घरेलु हिंसाबाट पीडित भनी दाबी गर्ने व्यक्ति सम्झनुपर्छ । दफा २ (छ)

- पीडक भन्नाले पीडितसँग घरेलु सम्बन्ध भै निज विरुद्ध घरेलु हिंसा गरेको भनी पीडितले दाबी गरेको व्यक्ति सम्झनु पर्छ र सो शब्दले घरेलु हिंसा गर्ने कार्यमा संलग्न रहेको अन्य व्यक्ति वा मतियारलाई समेत जनाउँछ।दफा २ (ज)
- प्रहरी कार्यालय भन्नाले पीडित बसोबास गरेको, पीडक रहेको वा घटनास्थलको नजिकको प्रहरी कार्यालय सम्झनु पर्छ र सो शब्दले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको बालबालिका वा महिला सेल वा प्रहरी चौकी वा उपचौकी समेतलाई जनाउँछ । दफा २ (झ)
- स्थानीय तह भन्नाले पीडित बसोबास गरेको वा पीडक रहेको वा घटना भएको गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ र सो शब्दले नगरपालिकाको वडा समिति समेतलाई जनाउँछ । दफा २ (ञ)

**घरेलु हिंसाका सम्बन्धमा उजूरी गर्ने निकायहरुः दफा ४ र ५**

दफा ४ अन्तर्गत

१ प्रहरी कार्यालय

२ स्थानीय तह

३ राष्ट्रिय महिला आयोग

दफा ५

४ सम्बन्धित जिल्ला अदालत

<u>उजूरी गर्ने दफा ४</u>

- घरेलु हिंसा भएको, भैरहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले सो सम्बन्धी विवरण खुलाई प्रहरी कार्यालय, राष्ट्रिय महिला आयोग वा स्थानीय तह समक्ष लिखित वा मौखिक उजूरी दिन सक्ने । दफा ४ (१)
- उजूरी लिखित रुपमा प्राप्त भएकोमा तुरुन्त र मौखिक रुपमा प्राप्त भएकोमा सो सम्बन्धी आवश्यक विवरण लेखी लेखाई उजूरीकर्ताको सहीछाप गराई दर्ता गर्नु पर्नेछ । दफा ४ (२)
- राष्ट्रिय महिला आयोगमा दर्ता भएको उजूरीको सम्बन्धमा राष्ट्रिय महिला आयोग सम्वन्धी प्रचलित कानून बमोजिम कारबाही हुने । दफा ४ (३)
- प्रहरी कार्यालयमा उजूरी दर्ता भएकोमा प्रहरी कार्यालयले बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र पीडकलाई झिकाई र अटेर गरे पक्राउ गरी तुरुन्त बयान गराउनुपर्ने। दफा ४(४)
- स्थानीय तहमा उजूरी दर्ता भएकोमा बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र पीडकलाई झिकाई तथा अटेर गरेमा प्रहरीको सहयोग लिई पक्राउ गरी तुरुन्त बयान गराउनुपर्ने । दफा ४(५)

- घरेलु हिंसाका कारण पीडितलाई कुनै शारीरिक चोटपटक वा मानसिक यातना पुगेको देखिएमा तत्काल उपचारका लागि नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पठाई निजको उपचार र घा जाँच गराउनु पर्ने । स्थानीय तहले गराएको घा जाँच प्रतिवेदनको एक प्रति प्रहरी कार्यालयमा पठाउनुपर्ने । दफा ४(६)
- उजूरीको प्रारम्भिक छानबिन गर्दा पीडित र निजसँग आश्रित व्यक्तिलाई सुरक्षा प्रदान गर्न आवश्यक देखिएमा प्रहरी कार्यालयको सहयोग लिई तत्काल सुरक्षाको व्यवस्था मिलाउनुपर्ने । दफा ४(७)
- पीडकको बयान समेतबाट घरेलु हिंसा भएको देखिएमा र पीडितले चाहेमा प्रहरी कार्यालय र स्थानीय तहले उजूरी परेको मितिले तीस दिन भित्र दुवै पक्ष बीच मेलमिलाप गराइदिनु पर्ने ।दफा ४(८)।

तर दफा ५क. बमोजिम परेको जाहेरीको सम्बन्धमा प्रचलित कानून बमोजिम हुने ।

- मेलमिलाप गराउँदा आवश्यकता अनुसार उपलब्ध भएसम्म मनोचिकित्सक, समाजशास्त्री, समाजसेवी, पीडितले पत्याएको परिवारको सदस्य र अन्य साक्षी समेतको सहयोग लिन सकिनेछ । यसरी मेलमिलाप गराउँदा पीडितलाई पर्न सक्ने मनोवैज्ञानिक तथा सामाजिक प्रभाव र गोपनीयताको अधिकार समेतलाई ध्यानमा राखु पर्नेछ । दफा ४(९)
- प्रहरी कार्यालय वा स्थानीय तहले उजूरीको कारबाही र किनारा गर्दा पीडकलाई तारेखमा राखी गर्नु पर्नेछ।दफा ४(१०)
- पीडक उपस्थित नभएमा वा उपस्थित गराउन नसकिएमा वा पक्षहरुबीच मेलमिलाप हुन नसकेमा प्रहरी कार्यालय वा स्थानीय तहले उजूरीकर्ताको सहमति भएमा उजूरी परेको ३० दिनको म्याद समाप्त भएको मितिले पन्ध्र दिनभित्र सोही व्यहोरा उल्लेख गरी उजूरी र सोसँग सम्बन्धित मिसिल कागज र प्रमाण अदालत समक्ष पठाइदिनु पर्ने । दफा ४(११)
- स्थानीय तहलाई उपदफा (५) र (७) बमोजिम सहयोग उपलब्ध गराउनु प्रहरी कार्यालयको कर्तब्य हुनेछ।दफा ४(१२)

- दफा ५ क. प्रहरीमा जाहेरी दिन सक्ने सम्बन्धी ब्यवस्था
- दफा ६ मा पीडितलाई तत्काल संरक्षण दिन आवश्यक देखिएमा अदालतले उजुरीको अन्तिम निर्णय नभएसम्मको लागि पीडकका नाममा अन्तरिम संरक्षणात्मक आदेश जारी गर्न सक्ने।
- दफा ७ बमोजिम पीडितले अनुरोध गरेमा उजूरी सम्बन्धी कारबाही र सुनुवाई अदालतले बन्द इजलासमा गर्नुपर्ने ।
- दफा ८ संक्षिप्त कार्यविधि अपनाउनुपर्ने ।

- दफा ९ पीडितको उपचारको रकम पीडकले व्यहोर्नेः पीडकले उपचार खर्च तत्काल उपलब्ध गराउन नसक्ने भएमा सम्बन्धित स्थानीय तहले तत्काल खर्च उपलब्ध गराई त्यस्तो रकम पीडकबाट असूल गर्नु वा गराउनु पर्नेछ ।
- दफा १० अनुसार अदालतले पीडकबाट मनासिव माफिकको क्षतिपूर्ति भराइदिन सक्ने।

**दफा ११ सेवा केन्द्र सम्बन्धी व्यवस्था**

- पीडितलाई तत्काल सुरक्षा प्रदान गर्न तथा उपचारको क्रममा अलग्गै बस्ने व्यवस्थाको लागि नेपाल सरकारले आवश्यकता अनुसार सेवा केन्द्रको स्थापना गर्न सक्ने ।
- नेपाल सरकारसँग समन्वय गरी प्रदेश सरकार तथा स्थानीय तहले आवश्यकता अनुसार सेवा केन्द्रको स्थापना गर्न सक्ने ।
- नेपाल सरकारले स्थापना गरेका सेवा केन्द्रलाई प्रदेश सरकार वा स्थानीय तहले सञ्चालन गर्न चाहेमा नेपाल सरकारले त्यस्ता सेवा केन्द्र प्रदेश सरकार वा स्थानीय तहले सञ्चालन गर्ने गरी हस्तान्तरण गर्न सक्ने ।
- कुनै संस्थाले तोकिए बमोजिम स्वीकृति लिई सेवा केन्द्र स्थापना र सञ्चालन गर्न सक्ने ।
- सेवा केन्द्रलाई दफा १२ बमोजिमको कोषबाट आर्थिक तथा अन्य सहायता प्रदान गर्न सक्ने ।
- सेवा केन्द्रले आवश्यकता अनुसार पीडितलाई कानूनी सहायता, मनोविमर्श सेवा, मनोवैज्ञानिक सेवा र आर्थिक सहायता उपलब्ध गराउन सक्ने ।

- **सेवा कोषः** दफा १२ बमोजिम नेपाल सरकार, प्रदेश सरकारले प्रदेश कानून बमोजिम र स्थानीय तहले स्थानीय कानून बमोजिम सेवा केन्द्र सञ्चालनका लागि सेवा कोष स्थापना गर्न सक्ने ।
- <u>स्थानीय तहमा संरक्षण अधिकृतः</u> दफा १२क. बमोजिम स्थानीय तहले घरेलु हिंसा नियन्त्रण गर्न तथा घरेलु हिंसाबाट पीडित व्यक्तिलाई संरक्षण गर्ने काम समेतका लागि <u>एक जना संरक्षण अधिकृत तोक्न सक्ने ।</u>
- <u>निशुल्क कानूनी सहायता उपलब्ध गराउनेः</u> दफा १२ख. नेपाल सरकारले घरेलु हिंसाबाट पीडित व्यक्तिलाई निजको अनुरोधमा जिल्ला कानूनी सहायता समिति मार्फत निःशुल्क कानूनी सहायता उपलब्ध गराउने ।
- दफा ५क. मा उल्लिखित मुद्दा नेपाल सरकार वादी भई चल्नेछ। दफा १२ग.

सजाय दफा १३

- नेपाल सरकारवादी भई चलेको मुद्दामा प्रचलित कानून बमोजिम सजाय हुने ।
- अन्य घरेलु हिंसा गरेमा तीन हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुवै सजाय हुने ।
- घरेलु हिंसाको उद्योग वा दुरुत्साहन गर्ने वा मतियार हुनेलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुने ।
- घरेलु हिंसाको कसूरमा सजाय पाइसकेको व्यक्तिले पुनः सोही कसूर गरेमा पटकैपिच्छे दोब्बर सजाय हुने ।
- सार्वजनिक जवाफदेहीको पदमा बहाल रहेको कुनै व्यक्तिले आफ्नो पत्नी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, नाबालक वा गर्भवती महिला विरुद्ध कसूर गरेमा थप दश प्रतिशत सजाय हुने ।
- जिल्ला अदालतले दफा ६ बमोजिम अन्तरिम संरक्षणात्मक आदेश जारी गरेकोमा अदालतबाट दिएको आदेश पालन नगरेमा त्यस्तो व्यक्तिलाई दुई हजार रुपैयादेखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना वा चार महिनासम्म कैद वा दुवै सजाय हुने ।
- हदम्यादः कसूर भए गरेको मितिले ९० दिनभित्र उजुरी दिनुपर्ने ।

कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१

दफा २(ग) कार्यस्थल भन्नाले देहायका निकाय, संस्था वा फर्म सम्झनु पर्छ र सो शब्दले त्यस्तो निकाय, संस्था वा फर्मको कार्यसम्पादनको क्रममा प्रयोग हुने स्थल समेतलाई जनाउँछः

(१) सरकारी निकाय,

(२) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संगठित संस्था,

(३) प्रचलित कानून बमोजिम स्थापना भएको निकाय वा संगठित संस्था,

(४) कुनै व्यवसाय, कारोबार वा सेवा प्रदान गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम अनुमति प्राप्त गरेको वा दर्ता भएको फर्म, निकाय वा संगठित संस्था ।

दफा ४ यौनजन्य दुर्व्यवहार गरेको मानिनेः

(१) कसैले आफ्नो पद, शक्ति वा अधिकारको दुरुपयोग गरी, कुनै किसिमको दबाव, प्रभाव वा प्रलोभनमा पारी वा हतोत्साहित गरी कुनै कर्मचारी वा सेवाग्राहीलाई कार्यस्थलमा देहायका कुनै कार्य गरे वा गराएमा यौनजन्य दुर्व्यवहार गरेको मानिनेछः

(क) यौनजन्य आशयले शरीरको कुनै अंग छोएमा वा छुने प्रयास गरेमा

(ख) अश्लिल तथा यौनजन्य क्रियाकलापसँग सम्बन्धित शब्द, चित्र, पत्रपत्रिका, श्रव्य दृश्य, अन्य सूचना प्रविधि, साधन, वस्तु वा सामग्री प्रयोग वा प्रदर्शन गरेमा

(ग) लेखेर, बोलेर वा इशाराले अश्लील तथा यौनजन्य आशय प्रदर्शन वा प्रकट गरेमा

(घ) यौनजन्य क्रियाकलापको लागि प्रस्ताव गरेमा

(ङ) यौनजन्य आशयले जिस्काएमा वा हैरानी दिएमा ।

<u>दफा ६ गुनासो सुनुवाई</u>: कुनै कर्मचारी वा सेवाग्राहीलाई कार्यस्थलमा कुनै प्रकारको यौनजन्य दुर्व्यवहार गरेमा सोबाट पीडित कर्मचारी, सेवाग्राही वा निजका तर्फबाट जो सुकैले त्यस्तो व्यक्ति उपर व्यवस्थापक समक्ष पन्ध्र दिन भित्र लिखित वा मौखिक रुपमा गुनासो गर्न सक्ने। दफा ६(१)

- व्यवस्थापकले त्यस्तो गुनासो सम्बन्धमा सुनवाई गरी तुरुन्त छानविन गर्नुपर्ने । दफा ६ (२)
- दफा ६ (३) मा छानविन गर्दा आरोपित व्यक्तिले गुनासो गर्ने कर्मचारी वा सेवाग्राहीलाई यौनजन्य दुर्व्यवहार गरेको देखिएमा व्यवस्थापकले देहायको कुनै वा सबै कार्य गर्न वा गराउन लगाउन सक्नेछः
  (क) दुबै पक्ष मञ्जुर भएमा पीडित र आरोपित व्यक्तिबीच मेलमिलाप गराइदिन,
  (ख) आरोपित व्यक्तिलाई पीडितसँग माफी मगाउन,
  (ग) आरोपित व्यक्तिलाई त्यस्तो काम पुनः नगर्न सचेत गराउन,
  (घ) आरोपित व्यक्तिबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराईदिन,
  (ङ) आरोपित व्यक्तिलाई सेवा शर्त सम्बन्धी कानून बमोजिम विभागीय कारवाही गर्न।
- व्यवस्थापकले गुनासोको टुङ्गो गुनासो गरेको मितिले पन्ध्र दिन भित्र लगाउनु पर्नेछ। दफा ६ (४)

- **दफा ७ उजूरी दिन सक्ने**: कसैले कुनै कर्मचारी वा सेवाग्राहीलाई कार्यस्थलमा कुनै प्रकारको यौनजन्य दुर्व्यवहार गरेमा सोबाट पीडित कर्मचारी, सेवाग्राही वा निजका तर्फबाट जोसुकैले त्यस्तो व्यक्ति उपर यौनजन्य दुर्व्यवहार भए गरेको मितिले ९० दिन भित्र प्रमाण सहित उजुरी सुन्ने अधिकारी समक्ष उजुरी दिन सक्ने ।दफा १४ मा उजूरी सुन्ने अधिकारी प्रमुख जिल्ला अधिकारी हुने। प्रमुख जिल्ला अधिकारी बिरुद्धको उजूरीको कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित प्रदेशको प्रमुख प्रदेश सचिवलाई हुने ।
- कुनै व्यवस्थापकले दफा ६ बमोजिम गरेको गुनासो निर्धारित अवधिभित्र टुङ्गो नलगाएमा त्यस्तो अवधि समाप्त भएको मितिले र सो दफा बमोजिम व्यवस्थापकले गरेको निर्णय उपर कुनै पक्षले चित्त नबुझाएमा त्यस्तो निर्णय भएको मितिले सत्तरी दिन भित्र पीडित कर्मचारी, सेवाग्राही वा निजका तर्फबाट जोसुकै वा आरोपित व्यक्तिले उजूरी सुन्ने अधिकारी समक्ष उजूरी दिन सक्ने।
- मिलापत्र गर्न सक्नेः दफा ८ मा पीडित र आरोपित दुवैले मिलापत्रका लागि उजुरी सुन्ने अधिकारी समक्ष संयुक्त निवेदन दिएमा पक्षहरुसँग आवश्यक परामर्श गरी मिलापत्र हुने ।

- दफा ९ मा उजुरीकर्ताको संरक्षण सम्बन्धी व्यवस्था रहेको ।
- दफा १२ सजायः कसूरको प्रकृति हेरी ६ महिनासम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने ।
- व्यवस्थापकले ऐन बमोजिमको दायित्व वा अन्य व्यवस्था पालना नगरेको ठहरेमा पच्चीस हजार रुपैयाँसम्म जरिवाना हुने।
- ऐन बमोजिम सजाय पाएको व्यक्तिले त्यस्तो सजाय हुने कार्य पुनः गरेमा निजलाई पटकै पिच्छे दोब्बर सजाय हुने ।
- जानी जानी झुट्टा उजूरी दिएको ठहरेमा निजलाई दश हजार रुपैयाँसम्म जरिवाना हुने। दफा १२(५)
- कुनै कर्मचारी वा व्यक्तिले सजाय पाएमा उजूरी सुन्ने अधिकारीले त्यसको जानकारी सम्बन्धित निकायलाई गराउनुपर्ने। दफा १२(६)
- दफा १३ मा क्षतिपूर्ति तथा रकम भराई दिनुपर्ने ।
- पीडितले लिखित रुपमा अनुरोध गरेमा उजूरी सुन्ने अधिकारीले उजूरीको सुनुवाई बन्द इजलासमा गर्नुपर्ने । दफा १५(२)
- <u>पुनरावेदन:</u> उजूरी सुन्ने अधिकारीको निर्णय उपर निर्णय भएको ३५ दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्नुपर्ने ।
- दफा १५ फैसला वा मिलापत्रको कार्यान्वयन ।
- दफा १८ तालीमको पाठ्यक्रममा समावेश गर्ने ।

आचार संहिता बनाउन सक्नेः दफा २१

- नेपाल सरकारले आचार संहिता बनाई लागू गर्ने ।
- नेपाल सरकारले बनाएको आचार संहिताको अधीनमा रही प्रत्येक व्यवस्थापकले कार्यस्थलको प्रकृति अनुसार छुट्टै आचार संहिता बनाई लागू गर्नु पर्ने ।

बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२

- बोक्सीको आरोप भन्नाले कुनै व्यक्तिलाई बोक्सा, बोक्सी वा यस्तै अन्य नामबाट लाञ्छना लगाउने कार्य सम्झनु पर्छ । दफा २ (ग) ।
- दफा ३ बोक्सीको आरोप सम्बन्धी कसूर गरेको मानिने सम्बन्धी ब्यवस्था रहेको।
- दफा ४ मा कसूर भएको, भइरहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले लिखित जाहेरी दरखास्त वा मौखिक सूचना नजिकको प्रहरी कार्यालयमा दिनुपर्ने ।
- दफा ५ उपचार तथा घा जाँच गराउनुपर्नेः पीडित शारीरिक वा मानसिक रुपमा अशक्त भएको देखिएमा प्रहरी कार्यालयले पीडितलाई नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा लगी तत्काल उपचार गराउनुपर्ने । दफा ५(१)
- बोक्सीको आरोप भन्नाले कुनै व्यक्तिलाई बोक्सा, बोक्सी वा यस्तै अन्य नामबाट लाञ्छना लगाउने कार्य सम्झनु पर्छ । दफा २ (ग) ।

- दफा ३ बोक्सीको आरोप सम्बन्धी कसूर गरेको मानिने सम्बन्धी व्यवस्था रहेको।
- दफा ४ मा कसूर भएको, भइरहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले लिखित जाहेरी दरखास्त वा मौखिक सूचना नजिकको प्रहरी कार्यालयमा दिनुपर्ने ।
- दफा ५ उपचार तथा घा जाँच गराउनुपर्नेः पीडित शारीरिक वा मानसिक रुपमा अशक्त भएको देखिएमा प्रहरी कार्यालयले पीडितलाई नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा लगी तत्काल उपचार गराउनुपर्ने । दफा ५(१)
- बोक्सीको आरोप भन्नाले कुनै व्यक्तिलाई बोक्सा, बोक्सी वा यस्तै अन्य नामबाट लाञ्छना लगाउने कार्य सम्झनु पर्छ । दफा २ (ग) ।
- दफा ३ बोक्सीको आरोप सम्बन्धी कसूर गरेको मानिने सम्बन्धी व्यवस्था रहेको।
- दफा ४ मा कसूर भएको, भइरहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले लिखित जाहेरी दरखास्त वा मौखिक सूचना नजिकको प्रहरी कार्यालयमा दिनुपर्ने ।
- दफा ५ उपचार तथा घा जाँच गराउनुपर्नेः पीडित शारीरिक वा मानसिक रुपमा अशक्त भएको देखिएमा प्रहरी कार्यालयले पीडितलाई नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा लगी तत्काल उपचार गराउनुपर्ने । दफा ५(१)

सजायः दफा ११

- बोक्सीको आरोप सम्बन्धी मुद्दामा कसूर गर्ने व्यक्तिलाई कसूरको मात्रा हेरी ६ महिना देखि बढीमा ८ वर्षसम्म कैद र रु ५ हजार देखि रु १ लाख सम्म जरिवानाको व्यवस्था।
- बोक्सीको आरोपमा अङ्गभङ्ग गरेमा कानून बमोजिम हुने सजायमा थप १० प्रतिशत सजाय हुने ।
- कसूर गर्न उद्योग गर्ने, दुरुत्साहन दिने र मद्दत गर्नेलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय ।
- आफ्नो संरक्षण वा अभिभावकत्वमा रहेको व्यक्ति विरुद्ध बोक्सीको आरोपसम्बन्धी कसूर गरेमा वा सार्वजनिक जवाफदेहीको पदमा बहाल रहेको व्यक्तिले बोक्सीको आरोप सम्बन्धी कसूर गरेमा दफा ११ को उपदफा (१) बमोजिम हुने सजायमा पच्चीस प्रतिशत थप सजाय हुने।

क्षतिपूर्ति

- दफा १२ मा अदालतले पीडितलाई पुगेको पीडा र पीडकको आर्थिक हैसियत समेतलाई विचार गरी पीडकबाट पीडितलाई मनासिव क्षतिपूर्ति भराई दिनेछ ।
- पीडकको आर्थिक अवस्था कमजोर भएको कारण पीडकले त्यस्तो क्षतिपूर्ति उपलब्ध गराउन नसक्ने कुरा अदालतलाई लागेमा अदालतले उपर्युक्त ठहर्याए बमोजिमको रकम सम्बन्धित स्थानीय तहले व्यहोर्ने गरी आदेश गर्न सक्ने ।

- अदालतबाट भएको आदेश बमोजिमको रकम सम्बन्धित स्थानीय तहले साठी दिन भित्र पीडितलाई उपलब्ध गराउनु पर्ने ।

दफा १३ उपचारको रकम सम्बन्धी व्यवस्था

- पीडितको उपचार खर्च पीडकले ब्यहोर्नुपर्ने ।
- पीडकको आर्थिक अवस्था कमजोर भएको कारण पीडकले त्यस्तो उपचार खर्च तथा कुरुवा खर्च व्यहोर्न नसकी पीडित आफैले वा प्रहरी कार्यालयबाट त्यस्तो रकम खर्च गरेको भए पीडित वा प्रहरी कार्यालयले त्यस्तो रकम प्रचलित कानून बमोजिम स्थापना भएको लैङ्गिक हिंसा निवारण कोषबाट सोधभर्ना लिन सक्ने ।

- दफा १५ मा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले बोक्सीको आरोप सम्बन्धी कसूर हुन नदिन विभिन्न किसिमका सचेतना कार्यक्रम सञ्चालन गर्न वा गराउनु पर्ने ।
- दफा १६ यस ऐन अन्तर्गतको कसूरको मुद्दा अनुसूची १ को नेपाल सरकारी वादी हुने ।
- दफा १७ मा हदम्याद बोक्सीको आरोप सम्बन्धी कसूर भए गरेको मितिले नब्बे दिन भित्र जाहेरी दरखास्त वा सूचना दिनु पर्ने ।
- दफा १८ मा पीडितले माग गरेमा यस ऐन बमोजिम कसूर मानिने मुद्दाको सुनुवाई बन्द इजलासबाट हुने ।